

ग्रामीण समुदायमा पछाडी पारिएका महिला, अति विपन्न, हीनताबोधग्रस्त र परम्परागत जीविकोपार्जनमा रहेका परिवारलाई सहज र प्रभावकारी ढंगले लघुवित्त कार्यक्रममा आबद्ध गराउन समूहमा आधारित सहकारी संस्थाहरू सफल र अचूक विकल्प हो ।



**सहमति**

"सचेत एवं सक्षम समतामूलक समाज"

गैंडाकोट-५, नवलपरासी जिल्ला, नेपाल
फोन नं.: ००९७७-५६-५०२०९०, ५०२३७३
फ्याक्स : ००९७७-५६-५०२२७७
इमेल : sahamati@wlink.com.np
वेब : http//www.sahamati.org


मकवानपुर जिल्लामा सञ्चालित
'लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम'
बाट रुपान्तरित

# समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापन मार्ग दर्शन



सहमति

Plan
Be a part of it.

मकवानपुर जिल्लामा सञ्चालित
"लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम"
बाट रुपान्तरित

# समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापन मार्ग दर्शन

सहमति

२०६६

Plan
Be a part of it.


पुस्तिका : मकवानपुर जिल्लामा सञ्चालित "लघुवित्त संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम" बाट रूपान्तरित "समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापन मार्गदर्शन"

संरक्षक : भीमप्रसाद शर्मा
अध्यक्ष, सहमति

प्रकाशक : सहमति

प्रकाशन सहयोग : प्लान नेपाल

सर्वाधिकार : प्लान नेपाल र सहमतिमा

प्रकाशन सल्लाहकार : करुणा सागर सुवेदी, बुद्धिराम कुमाल
रत्नप्रसाद सापकोटा, बुद्धिप्रसाद पौड्याल

प्रकाशन संयोजक : होमनाथ सुवेदी

सम्पादन : सुन्दरबाबु बानियाँ

भाषा सम्पादक : गोविन्दराज "विनोदी"

सामग्री सङ्कलन तथा सहयोगीहरु : कमल सापकोटा, नगेन्द्र रिजाल, चूडामणि शर्मा, दीर्घमणि पोखरेल, तारानाथ सुवेदी, सुशिला दाहाल, श्रीनिवास पौडेल

कम्प्युटराइज : रीता कुमाल

आवरण सेटिङ्ग : विकाश सुवेदी, भीमप्रसाद शर्मा

विशेष धन्यवाद : भगवती पुडासैनी तथा ग्रामिण महिला सेवा केन्द्र परिवार, सुलोचना स्याङतान तथा मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ परिवार, मञ्जु थिङ्ग र मकवानपुरका महिला सहकारी अभियानका सम्पूर्ण सहकारी संस्थाहरु र पच्चिसौं हजार सदस्यहरु..।

हार्दिक आभार : बद्री श्रेष्ठ, डा. चन्द्रकुमार सेन, कालभान राई, हेम पौडेल, प्रभाकर के.सी., रुद्र दाहाल, प्रेम साम्वयु, विष्णु न्यौपाने, किरण ओभा तथा प्लान नेपाल परिवार

मुद्रक : शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press, नारायणगढ ०५६-५२६७८५

# विषयसूची


१. कार्यक्रमको पृष्ठभूमि १
२. कार्यक्रमको समग्र उद्देश्य १
३. कार्यक्रम संचालन अवधि १
४. कार्यक्रमको भौगोलिक कार्यक्षेत्र २
५. विषयगत क्षेत्र २
६. बचत तथा ऋण सहकारी संस्थाको ऐतिहासिक पृष्ठभूमि २
७. दस्तावेजीकरणको उद्देश्य ४
८. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको अवधारणा ५
८.१ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था संस्था के हो ? ६
८.२ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था कहाँ उपयुक्त हुन्छ ? ६
८.३ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था कसरी गठन हुन्छ ? ८
८.४ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था किन ? ९
९. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था गठन प्रक्रिया ९
१०. कुनै नयाँ समूहलाई आवद्ध गराउँदा सहकारीले ध्यान दिनु पर्ने पक्षहरू ११
११. कुनै समूह सहकारीमा आवद्ध हुँदा समूहले ध्यान दिनु पर्ने पक्षहरू ११
१२. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था र अन्य सहकारी संस्थाका बीच भिन्नताहरू १२
१३. समूहमा आधारित बचत तथा ऋण सहकारीमा बचत सङ्कलन विधि १३
१४. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा ऋण परिचालन विधि/प्रक्रिया १४
१५. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा ऋणको अनुगमन प्रणाली १५
१६. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका फाइदाहरू १६
१७. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका सीमाहरू १७
१८. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा नेतृत्व प्रणाली १८
१९. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा संचार प्रणाली १९
२०. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले तयार पार्ने बचत तथा ऋण नीति २०
२०.१ समूहमा आधारित बचत तथा ऋण सहकारीको बचत नीति २०
२०.२ समूहमा आधारित बचत तथा ऋण सहकारीको ऋण नीति २५
२१. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको संरचना ३३
२१.१ सांगठनिक संरचना ३३
२१.२ कार्यगत संरचना ३४
२२. समूह तथा सहकारीमा राख्ने अभिलेख ३५
२२.१ समूह स्तरमा ३५
२२.२ सहकारी संस्था स्तरमा ३५
२३. समूहप्रति सहकारीको भूमिका ३६
२४. सहकारीप्रति समूहको भूमिका ३७
२५. समूहप्रति सदस्यको भूमिका ३८
२६. समूहमा आधारित सहकारीको साधारण सभा, समिति, उपसमिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार ३८
२७. समूहमा आधारित सहकारीमा आबद्ध समूहका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार ४३
२८. निष्कर्ष ४६

# आभार

सहमतिको इतिहासमा प्लान नेपालसँगको साझेदारी अत्यन्त महत्वपूर्ण छ, अविस्मरणीय छ । त्यसमाथि पनि मकवानपुर जिल्लामा सञ्चालित 'लघुवित्त संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम' ले दुबै संस्थाहरुका लागि बिर्सनै नमिल्ने गरी छाप छोड्यो भने समुदायका लागि 'दिशा निर्देशक' कार्यक्रम रह्यो । हामीलाई विश्वास छ यस कार्यक्रमको छाप पचासौं वर्षपछिसम्म पनि रहिरहने छ ।

**'समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको व्यवस्थापन मार्ग दर्शन'** नामले नै यस पुस्तकको परिचय दिएको छ । आफ्ना सफल अभ्यासहरु, अरु यस्तै काम गर्नेहरुका लागि पनि उपयोगी रहुन् भन्ने अभिप्रायले हाम्रा अनुभवहरु सबैसामु राखेका छौं ।

यस कार्यक्रमका लागि सहमतिको छनोट प्रक्रियादेखि कार्यक्रम कार्यान्वयन लगायत सफलतापूर्वक समुदाय र समुदायका प्रतिनिधिहरुलाई हाम्रो भूमिका हस्तान्तरण गर्दासम्मको हरेक घुम्तीहरुमा अर्थपूर्ण साझेदारी कार्यान्वयनका लागि प्लान नेपालका डा. चन्द्रकुमार सेन, कालभान राई, हेम पौडेल, प्रेम साम्वयु, विष्णु न्यौपाने, किरण ओझा तथा त्यो महत्वपूर्ण सिकाईलाई पुन: सिन्धुलीमा रुपान्तरण गर्न तथा दस्तावेजको रुपमा प्रस्तुत गर्नका लागि पहल गर्ने बद्रि श्रेष्ठ, प्रभाकर के.सी., रुद्र दाहाल तथा सम्पूर्ण प्लान परिवारप्रति हामी हार्दिक आभारी छौं ।

मकवानपुर कार्यक्रमको सफलताका लागि कार्यक्रमको शुरुदेखि अन्तसम्म सुमधुर तथा परिणाममुखी सहकार्यका सहयात्रीहरु भगवती पुडासैनी तथा ग्रामीण महिला सेवा केन्द्र परिवार, सुलोचना स्याङतान तथा मकवानपुर जिल्ला बचत तथा ऋण संघ परिवार, कार्यक्षेत्रका प्रत्येक सहकारी संस्थाहरु तथा पच्चिसौं हजार सहकारी अभियानकर्ता दिदीबहिनीहरुप्रति हामी गहिरो आभार व्यक्त गर्न चाहन्छौं ।

'लघुवित्त संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम'को सफल कार्यान्वयनका लागि कार्यक्रम तथा प्रकाशन संयोजक होमनाथ सुवेदी तथा सम्पूर्ण टिमका कर्मचारी साथीहरु, सम्पादक सुन्दर बानियाँ एवम् कार्यक्रम र प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तिहरु हार्दिक धन्यवादका पात्र हुनुहुन्छ ।

यो पुस्तिका व्यवहारिक तथा सहयोगी सिद्ध हुने कुरामा म विश्वस्त छु । प्रकाशनमा देखिएका कमीकमजोरीहरु भए हामीलाई समयमै पृष्ठपोषण प्रदान गर्नु भएमा आभारी हुने छौं ।

भीमप्रसाद शर्मा
अध्यक्ष
*सहमति*

## १. कार्यक्रमको पृष्ठभूमि

"लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम" यसको नाम बाटै परिचय झल्किन्छ । सा-साना छरिएर रहेका रकमलाई पूँजीकरण गर्नका लागि स्थापना भएका स्थानीयस्तरका साना संस्थाहरूलाई लघुवित्त संस्था भनिन्छ । यस्ता संस्थाहरू कुनै देखासिकीमा, कुनै सुनेर, कुनै गै.स.सं वा अन्य कुनै संस्थाहरूको सहजीकरण पहलमा स्थापना हुन्छन । यसरी खुल्ने वा खुलेका संस्थाहरूको संरचनागत, नीतिगत र वित्तीय व्यवस्थापनका दृष्टिले सवै सफल र दिगो हुँदैनन् । यहाँनेर उपयुक्त संरचना, दक्ष संचालन तौरतरिका र वित्तीय सन्तुलनका पक्षहरूलाई ध्यान दिएर व्यवस्थापकीय क्षमता सुदृढ बनाउन सहयोग पुऱ्याउनु आवश्यक हुन्छ । सहमति र प्लान नेपालको साझेदारीमा मकवानपुर जिल्लामा विशेष गरी ग्रामीण क्षेत्रमा रहेका बालबाालिकाहरूको आधारभूत अधिकार स्थापनाका लागि पहिले उनीहरूका आमा र परिवारको आर्थिक क्षमता विकास तथा लैङ्गिक र सामाजिक सशक्तीकरण गराउने कार्यलाई लक्षित गरी प्लान नेपालले प्रवर्धन गरेका समूह र तिनै समूहहरूको छाता संगठनको रुपमा रहेका सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि तथा दिगोपनाका लागि यो "लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम"को अवधारणा ल्याइएको हो ।

## २. कार्यक्रमको समग्र उद्देश्य

कार्यक्षेत्र अन्तर्गतका छनौट भएका महिला सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गराई सहकारीमा आवद्ध सदस्यहरूको आय वृद्धिद्वारा जीवनशैलीमा रूपान्तरण गर्न सहयोग पुऱ्याउने ।

## ३. कार्यक्रम संचालन अवधि

"लघुवित्त संस्थाहरूको क्षमता अभिवुद्धि कार्यक्रम" प्लान नेपाल र सहमति गैंडाकोट बीच साझेदारी भई २००२ June देखि २००९ June सम्म निरन्तर रहेको छ ।

## ४. कार्यक्रमको भौगोलिक कार्यक्षेत्र

पहिलो चरणमा मकवानपुर जिल्लाका १७ गा.वि.स.हरु (चुरियामाई, पदमपोखरी, भैसे, निवुवाटार, ठिंगन, सुकौरा, मार्खु, फाखेल, कुलेखानी, भीमफेदी, सिस्नेरी, टिस्टुङ्ग, इपा, कोगटे, आमभञ्ज्याङ्ग, गढी र वुढिचौर) अन्तर्गत रहेका २० वटा सहकारी संस्थाहरूको कार्यक्षेत्र नै यस कार्यक्रमको कार्यक्षेत्र रहेको थियो । क्रमशः पछिल्लो समयमा २३ वटा गा.वि.स. र २७ वटा सहकारीहरूको कार्यक्षेत्रलाई कार्यक्रममा समेटिएको थियो ।

## ५. विषयगत क्षेत्र

लघुवित्त संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत सहमतिले प्रमुख रुपमा निम्न समग्र पक्षहरूमा अभ्यास गऱ्यो, गरायो ।

- संस्थागत विकास
- नेतृत्व क्षमता विकास
- आयआर्जन
- लेखा अभिलेख व्यवस्थापन र जनशक्ति विकास
- आर्थिक-सामाजिक सशक्तिकरण
- नीति निर्माण र पालना
- वित्तीय अनुशासन स्थापना
- संस्थागत सुशासन
- सहकारी व्यवस्थापनमा अभ्यास र जनशक्ति विकास
- गुणस्तरीय जीविकोपार्जनमा बुझाइ र अभ्यास

## ६. बचत तथा ऋण सहकारी संस्थाको ऐतिहासिक पृष्ठभूमि

बचत तथा ऋण सहकारी संस्था स्थापनाको विश्व इतिहास धेरै पुरानो छ । सन १८४४ मा वेलायतमा त्यहाँका औद्योगिक श्रमिकहरूद्धारा औद्योगिक मन्दीको समयमा उपभोग्य वस्तुहरूको चर्को भाउबाट उपभोक्ता सहकारी संस्थाको गठन गरी सहकारीताको नमूना विश्व सामु फैलाएका



थिए । यसै गरी सन १८५४ मा दश वर्षपछि नै जर्मनीमा त्यहाँका उद्योग धन्दामा काम गर्ने श्रमिकहरूद्धारा आ-आफूमा छरिएर रहेका स-सानो रकमलाई पुँजिकरण गर्दै उद्योगधन्दामा परिचालन गर्ने ध्येय राखेर बचत तथा ऋण सहकारी संस्थाको स्थापना गरी ठूला पूँजीपतिहरूलाई चुनौती दिएका थिए । यस्तो शुरुवातलाई विश्वका अन्य धेरै ठाउँहरूमा अभ्यास हुँदै गयो । नेपालको सन्दर्भमा भने वि.स २००७ सालको प्रजातन्त्र आगमनसँगै २०१० सालमा राज्यको तहबाट सहकारी विभाग गठन गरेर वि.स २०१३ सालमा चितवनमा पहिलो आधिकारिक बचत तथा ऋण सहकारी संस्था स्थापना भई बचत तथा ऋण सहकारी संस्थाको इतिहास प्रारम्भ भएको हो । यस पछिका वर्षहरूमा नेपालको राजनैतिक अस्थिरता र जनताको स्वायत्त संगठनप्रति तत्कालीन राजनेताहरूको कुनियतका कारण यस्ता सहकारी संस्थाहरूको विकासक्रम अवरुद्ध नै भए । कहिले कुन बहानामा नाम परिवर्तन त कहिले कुन बहानामा नीतिमा परिवर्तन गरी सहकारी क्षेत्रको विकासमा बाधा पुऱ्याइयो । वि.स. २०४८ सालमा सहकारी विकास बोर्डको गठन र लगत्तै २०४८/२०४९ सालमा सहकारी ऐन नेपालमा तत्कालीन संसदबाट पारित भइ कानूनको रुपमा आयो । तत्कालै ऐनको पूरकको रुपमा सहकारी नियमावलीहरू पनि २०४९ मा जारी भई सहकारीको जग बलियो भएको हो । हाल नेपालमा बहुउद्देश्यीय तथा एकलउद्देश्यिय (विषयगत) गरी प्रमुख दुई प्रकारका सहकारी संस्थाहरू कार्यरत छन् ।

सबै वहुउद्देश्यीय तथा विषयगत सहकारी संस्थाहरूको आ-आफनो छाता संगठनहरू समेत जिल्लादेखि केन्द्रीयतहसम्म आफ्नो बलियो उपस्थिति देखाइ सकेको स्थिति अहिले छ । मूलतः सहकारी संस्थाहरू सहकारी संस्था दर्ता ऐन २०४८ /०४९ मा उल्लेख भएका नियमका अधिनमा रही दर्ता भई कार्यान्वयन हुनुपर्दछ । दर्ता भई सकेपछि उसले पालना गर्नुपर्ने शर्त तथा नियमहरू उल्लंघन गरिएको अवस्थामा स्वत खारेज हुने वा विघटन गर्ने अधिकार ऐनले तोकेको निकायलाई छ । दर्ता भएका सहकारी संस्थाहरू सबैको संस्थागत र वित्तीय सक्षमता समान छैनन् । जसले गर्दा सहकारी

संस्थाहरू व्यावसायिक धर्म र सहकारी सिद्धान्तको मर्म अनुसार टिकी रहन नसकेका धेरै उदाहरण हामीले सुन्ने र देख्ने गरेका छौ ।

सहकारी संस्था त्यो पनि बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापकीय संवेदनशीलतालाई हामीले केही फरक दृष्टिकोणले बुझ्न आवश्यक छ । मुख्य कुरा हामीले ग्रामीण क्षेत्रका विपन्न समुदायलाई हेरेर यसको स्थापनामा जोड दिनु छ । यस अवस्थामा पुँजीको सिर्जना गर्न धेरै सदस्यहरूको आवद्धताको अपेक्षा त्यहाँ हुन्छ । सहकारीमा समुदायको सहज सहभागिता हुनु पर्दछ । शतप्रतिशत सुरक्षा र विश्वासको वातावरण हुनु पर्दछ । यद्यपी समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थालाई सहकारी ऐनले कही सम्बोधन भने गरेको छैन । तैपनि हाम्रो लामो सहकारी क्षेत्रमा गरेको सहजीकरण अनुभवले यस्तो अवस्थाको अभाव महशुस गराएको भने छ । तुलनात्मक रूपमा सदस्य केन्द्रित बचत तथा ऋण सहकारी संस्थाहरूभन्दा समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको संस्थागत स्थिति र वित्तीय स्थिति खासगरी पहाडी र ग्रामीण क्षेत्रमा वलियो हुन्छ । यसैले यस्ता सहकारी संस्थाहरू दिगो रुपमा संचालन र नाफामा गएका प्रशस्त उदाहरण छन् । यसै सन्दर्भमा समूहमा आधारित बचत तथा ऋण सहकारीको गठन प्रक्रियादेखि त्यसको समग्र व्यवस्थापन कार्यविधिमा के कसरी कार्य गरिन्छ त्यसका बारेमा जानकारी लिन चाहने धेरै जिज्ञासु सहकारी प्रेमीहरूको जानकारीमा थप सहयोग पुऱ्याउन यो दस्तावेज (समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था मार्ग दर्शन) उपयोगी हुने ठहर गरी प्रकाशन गरिएको हो ।

## ७. दस्तावेजीकरणको उद्देश्य

नेपालमा समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरू पनि प्रशस्तै छन्, तर हालसम्म यस्ता समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरू कहाँ-कहाँ र कति छन भन्ने बारेमा यकिन तथ्याकं कसैसँग छैन । सहकारी संस्थाहरूको प्रवर्धन र संस्थागत क्षमता विकासमा



सहयोग र सहजीकरण गरी आफनो पहिचान वनाएको सहमतिले समूहमा आधारित सहकारी संस्थाहरूको व्यवस्थापन अवधारणा, यसका फाइदा, महत्त्व र सफलताका पक्षहरूलाई समेटेर आफ्नो अनुभवको आधारमा यो दस्तावेज प्रकाशन गरेको छ । खास गरी सहमतिले समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापनको क्षेत्रमा सिकेका लामो सिकाइलाई अन्य क्षेत्रका गै.स.स.हरू तथा यस्ता सहकारी स्थापना गर्न चाहने जो सुकैलाई पनि उपयोगी हुने अपेक्षा राखी यो दस्तावेज प्रकाशनको आवश्यकता ठानिएको हो । यसका मूख्य-मूख्य उद्देश्यहरूलाई बुँदागत रूपमा निम्न उल्लेख गरिएको छ ।

१. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको उपस्थितिको बारेमा प्रचारात्मक सहयोग पुऱ्याउने ।
२. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको अवधारणागत जानकारी सहकारी सरोकारवालाहरू समक्ष पुऱ्याउने ।
३. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूको बुझाइ, व्यवस्थापन र अभ्यासमा एकरुपता ल्याउने ।
४. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था प्रवर्धन र विकासका पक्षमा जनमत सिर्जना गर्ने ।

## ८.समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको अवधारणा

सहकारी ऐन २०४८/०४९ अनुसार समूहमा आधारित सहकारीको बारेमा कही केही उल्लेख छैन । सहकारी संस्थाको प्रवर्धन र क्षमता विकासको क्षेत्रमा काम गरेको लामो अनुभव, व्यवहारिक अभ्यास र समूहमा आधारित सहकारीको व्यवहारिक सफलताले यसको आवश्यकता र औचित्य बढाएको हो । हुनत सबै खाले सहकारी संस्थाहरूलाई समूह समूहको संजालको रुपमा विकास गर्न सकिन्थ्यो होला, तर बचत तथा ऋण सहकारी संस्थाहरूको सन्दर्भमा अभ्यास बढी गरिएको र नतिजा राम्रो देखिएकोले

यसैमा बढी जोड दिइएको हो । समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको अवधारणागत पक्षहरूलाई यहाँ उल्लेख गरिएको छ ।

**८.१ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था संस्था के हो ?**

छरिएर रहेको रकमलाई पूँजीमा रुपान्तरण गर्ने र त्यस्तो पुँजी सदस्यहरू बीच परिचालनद्वारा आयवृद्धि र जिविकोपार्जनस्तर सुधार गर्ने समान उद्देश्य प्राप्तीका लागी सहकारी ऐन २०४८/०४९ अनुसार दर्ता भई कम्तीमा २५ जना सङ्गठित भएको सदस्यहरूको संस्था नै बचत तथा ऋण सहकारी संस्था हो भन्ने बुझिन्छ । ऐनमा कम्तिमा २५ जनासम्म भएमा सहकारी संस्था स्थापना गर्न बाटो खुल्ने भए पनि विपन्न तथा पछाडी पारिएका समुदायलाई दृष्टिगत गर्दा सरल र दिगो व्यवस्थापन तथा बढी भन्दा बढीको समावेशिकरणलाई ध्यान दिई समूहरूलाई समायोजन गरी गठन भएको र बचत तथा ऋण सम्बन्धी मात्र कारोवार गर्ने उद्देश्य राखेर गठन गरिएको सहकारीलाई समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था हो भनेर सम्झनु पर्दछ । समूहमा आधारित बचत तथा ऋण सहकारीलाई संक्षेपमा निम्न आधारबाट पहिचान गर्न सजिलो हुन्छ जस्तै समूह समूह बीचको सहकार्य, समान र निर्धारित भौगोलिक कार्यक्षेत्र, बचत र ऋण सम्बन्धी कारोबार गर्ने उद्देश्य, संघिय संरचना, कुनै सदस्य व्यक्तिगत निर्णयबाट नभई समूह वा सामुहिक निर्णयबाट सहकारीमा आउने प्रणाली, आधिकारिक निकायमा दर्ता, सामुहिक नीति नियमावलीको निर्माण र पालना आदि । यिनै आधारहरूको आधारमा समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था हो वा होइन भन्ने छुट्टयाउन सकिन्छ ।

**८.२ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था कहाँ उपयुक्त हुन्छ ?**

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था स्थापना गर्नका लागि कुनै भौगोलिक सिमा ऐनले तोकेको छैन । देशका जुनसुकै स्थानमा



खोल्न खुल्ला छ । अन्य सहकारी सरह कम्तीमा २५ जना व्यक्तिहरूले निश्चित भौगोलिक कार्यक्षेत्र तोकेर सहकारी ऐनको सीमाभित्र रहेर विनियम तयार पारी डिभिजन सहकारी कार्यलयमा दर्ता भए पछि विधिवत रूपमा सहकारी स्थापना हुने प्रावधान छ । समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको हकमा छुट्टै नियमको प्रावधान नभए पनि भइरहेको सहकारी ऐन २०४८ /०४९ को परिधिभित्रै रहेर निश्चित भौगोलिक कार्य क्षेत्र तोकी २ वा सो भन्दा बढी समूहका प्रतिनिधिहरू मिलेर कम्तीमा २५ जना (हालको वैधानिक प्रावधान अनुसार) नघट्ने गरी समूह-समूह बीच औपचारिक एकीकरण गरेर गठन गर्न सकिन्छ । विनियमको ढाँचा र बुँदाहरू सबै सहकारीहरूको उस्तै हो, कुनै फरक नपारी तयार गर्न सकिन्छ । त्यस्तै दर्ता गर्ने निकाय र प्रकिया समेत अन्य सहकारी संस्थाहरूको सरह नै हुन्छ । यिनै प्रावधानलाई आधार मानेर हेर्दा समूहमा आधारित सहकारी गठन र दर्ता गर्न कुनै नयाँ विधि वा प्रक्रिया आवश्यक पर्दैन । जुन भौगोलिक कार्यक्षेत्रभित्र बचत गर्ने उद्देश्यले २ वा सो भन्दा बढी समूहहरू कार्यरत छन, त्यस्ता समूहहरू एक आपसमा सहकार्य गरी सहकारीको स्वरुपमा आफूलाई वैधानिक रुपमा रुपान्तरित गर्न सक्दछन् । जसले गर्दा पूँजीको संकलन र परिचालन बढाउन सहकारीले बिस्तारै कार्यक्षेत्र भित्रका थप समुदायमा नयाँ समूह गठन गर्दै र समूहमा पहिले नसमेटिएका थप परिवारलाई समावेश गर्दै आफनो संस्थागत वा सदस्यताको आकार बढाउन सजिलो पर्दछ । सहकारी संस्थाको एउटा धर्म नाफा कमाउनु र सदस्यलाई नाफा र सेवा दुवै दिनुपर्ने भएकोले संभव भएसम्म सदस्य र समूहहरुको संख्या बढाउनु उचित पनि हुन्छ । यसैले समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको ढाँचा धेरै समुदायमा छरिएका ग्रामीण क्षेत्रका गा.वि.स हरूमा निकै उपयुक्त हुने हाम्रो ठम्याइ छ । समूहस्तरमा एक तहका साना टोलव्यापी कार्यक्रमहरु सञ्चालन गर्न सजिलो हुने तथा त्यसभन्दा ठूला आकार तथा कोषका कार्यक्रमहरुका लागि सहकारी संस्थामा जाने गरी क्रियाकलापहरु तय गरिएका हुन्छन् । त्यसले गर्दा खास गरी ग्रामिण भेगका

महिलाहरुमा केन्द्रीत सहकारी संस्थाहरुका लागि यस प्रकारका समूहमा आधारित सहकारीहरु उपयुक्त हुन्छन् । अत: बचत तथा ऋण सहकारीहरू "समूहमा आधारित" हुनु भनेको संस्थाको विस्तार, सदस्यहरूको बलियो संगठन र सक्रियताका लागि उपयुक्त कार्यनिति हो भन्नु उपयुक्त हुनेछ ।

## ८.३ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था कसरी गठन हुन्छ ?

एउटै समूहभित्र पनि फरक फरक बिचार राख्ने व्यक्तिहरू हुन्छन । यस्तो स्थितिमा धेरै समूहमा रहेका सदस्यहरूको बिचारबीच विविधता हुनु स्वाभाविक हो । यस स्थितिमा फरक बिचार र विविध शंका पनि उठ्न सक्छ । यस्तै परिस्थितिबीच पनि दीर्घकालिन जीवन्तता र उच्च व्यवस्थापनको सम्भावनालाई हेरेर उत्तम विकल्प रोज्ने हो भने समान उदेश्य लिएर गठन भएका समूहबीच एकता र सहकार्य गरी समूहमा आधारित सहकारीलाई नै जोड दिनु पर्दछ । निम्न लिखित प्रमुख आधारहरूलाई ध्यान दिई समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था स्थापना हुन्छ ।

- पायक पर्ने गरी टोलटोलमा मिल्दोजुल्दो अवस्था भएका सदस्यहरुको समूह गठन गरेर
- एउटै भौगोलिक कार्यक्षेत्रभित्र रहेका समूह बीच एकीकरण गरेर
- समान उद्देश्य/चाहना भएका समूह बीच सहकार्य गरेर
- समूह-समूह बीच एक-अर्काको राम्रा पक्ष र अस्तित्व स्वीकार गरेर
- पुँजी संचयमा असमनताभए समान बनाउने दृढता लिएर ।
- पूँजी परिचालन स्थिति र तरलता स्थितिलाई बिचार गरेर
- व्यवस्थापन दक्षता र नेतृत्व  सक्षमताको मूल्याङ्कन गरेर
- दीगोपनाको आकलन गरेर ।



## ८.४ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था किन ?

समूहमा आधारित बचत तथा ऋण सहकारीको आवश्यकताको केही प्रमुख कारणहरू छन । जस अन्तर्गत बचत तथा ऋण सहकारीमा आर्थिक कारोवार मात्र हुने र ऋण असुलिमा जहिले पनि जोखिम रहिरहन्छ । यस्तो अवस्थामा व्यक्तिगत सदस्यताका आधारमा स्थापना भएका सहकारी संस्थाहरूमाभन्दा समूहमा आधारित सहकारीमा असुलीको जोखिम कम देखिएको छ । यस्तो स्थिति रहनुमा ऋण असुलीमा समूहगत जिम्मेवारी बढ्नु हो । सहकारी संस्थामा धेरै समूहहरु आवद्ध हुने र समूहका सबै सदस्य आवद्ध हुने भएकोले बचत संकलन प्रतिस्पर्धात्मक हुन्छ । बचतका प्रकारहरू बढ्छन् । ऋण परिचालन बढ्छ, तरलता घट्छ । असुली नियमित हुन्छ । यसले नाफा बढ्छ । त्यसैले समूहमा आधारित बचत तथा ऋण सहकारीको महत्व बढाएको छ । समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था अन्तर्गत सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पूँजी संकलन र त्यसको उचित व्यावस्थापनमा सामुहिक जिम्मेवारी रहन्छ । हरेक ऋणी सदस्य दुई तहमा जवाफदेही रहन्छ । उसको पहिलो जवाफदेहिता समूह र दोस्रो जवाफदेहिता सहकारीप्रति हुन्छ । यसले अन्तत: समूह र सहकारी दुवैको सुशासन पक्षलाई सुदृढ पारी संस्थागत दीगोपनाका लागि सहयोग पुऱ्याउँछ ।

## ९. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था गठन प्रक्रिया

स्वतन्त्र ढङ्गका २५ जना सदस्य एक ठाउँमा जुटेर सहकारी संस्था गठन गर्ने प्रक्रिया र समूहमा आधारित सहकारी गठन गर्ने प्रक्रियामा केही सामान्य भिन्नताहरू छन । यद्यपी ऐन र नियमावलीले भिन्नता छुट्टाएको छैन । सहकारी संस्था दर्तापूर्वको अवस्थामा निम्न पक्षमा ध्यान दिई समूहले सहकारीमा आवद्ध हुनु पर्दछ  जस्तै :-

- प्रत्येक समूहको आफ्नो साधारण भेलाद्वारा सहकारीमा जाने निर्णय गर्नु पर्दछ

- प्रत्येक समूहबाट प्रतिनिधि छनौट गरी अन्तरसमूह भेलाका लागि प्रतिनिधित्व गराउनु पर्दछ ।
- अन्तर समूह भेलामा सहकारीको किसिम, औचित्य र उद्देश्य बारे स्पष्ट हुनु/गराउनु पर्दछ ।
- अन्तर समूह भेलामा समूहमा आधारित सहकारी स्थापना गर्ने सर्वसम्मत निर्णय हुनु पर्दछ ।
    - o यदि सर्वसम्मत हुन नसकेमा मन मिल्ने केही समूहबाट थालनी गर्न सकिन्छ ।
- कम्तीमा आवश्यक संख्या बराबरको सदस्यहरूको सूची तयार गर्नु पर्दछ ।
- न्यूनतम संस्थागत सदस्यहरू मध्येबाट तदर्थ सञ्चालक समिति छनौट गर्नु पर्दछ ।
- विनियम, बचत तथा ऋण नीति र कार्य योजना तयारी गर्नु पर्दछ ।
- संस्थापक सदस्यहरूको पुन भेलाले महत्वपूर्ण जिम्मेवारी विभाजन गर्ने निर्णयहरू गर्नुपर्दछ र उपसमितिहरु गठन गर्नुपर्दछ ।
- सबै संस्थापक सदस्यहरूको आवश्यक कागज पत्रहरू र रकम संकलन (शेयर खरिद वापतको बचत, प्रवेश शुल्क आदि) गर्नु पर्दछ
- डिभिजन सहकारी कार्यलयमा विधिवत संस्था दर्ता गर्नु पर्दछ ।
- संस्थापक सदस्यहरू बाहेक समूहमा बाँकी रहेका अन्य सदस्यहरूलाई सहकारीमा आवश्यक प्रक्रिया पूरा गरी आवद्ध गराउदै जानु पर्दछ ।
- विनियम दर्ता भएको बढीमा ३ महिनाभित्र तदर्थ संचालक समिति भंग गरी प्रारम्भिक साधारणसभा एवं अधिवेशन गराई आधिकारिक सञ्चालक समिति सर्वसम्मत वा निर्वाचनद्वारा छनौट गर्नु पर्दछ ।
- संचालक समितिद्वारा साधारणसभाले तोकेको कार्यहरू वार्षिक रुपमा कार्यन्वयन गर्ने/ गराउने गर्नु पर्दछ ।
- आर्थिक अनुशासन र सुशासन विशेष ख्याल गर्नु पर्दछ ।



## १०. कुनै नयाँ समूहलाई आवद्ध गराउँदा सहकारीले ध्यान दिनु पर्ने पक्षहरू

सहकारी संस्थाले आफूलाई भविष्यमा आइपर्ने सक्ने चुनौतीहरूलाई ध्यान दिई कुनै नयाँ समूहलाई आवद्ध गराउँदा निम्न पक्षमा ध्यान पुऱ्याउनु पर्दछ :-

- समूह सहकारीले तोकेको कार्यक्षेत्रभित्र पर्छ वा पर्दैन ?
- समूहको लक्ष्य/उद्देश्य र सहकारीको विषयगत क्षेत्रमा मेल छ वा छैन ?
- समूहमा विगतको बचत सम्बन्धी कारोवार कस्तो थियो ?
- समूहका सदस्यहरूको प्रतिवद्धता कस्तो छ ?
- समूहका पदाधिकारीमा त्यागको भावना कस्तो छ ?
- समूहका शर्तहरू छन् वा निशर्त आउन चाहन्छन् ?
- सहकारीको विनियम र अरु नीति नियम पालना गर्न तयार छन् वा छैनन् ।

## ११. कुनै समूह सहकारीमा आवद्ध हुँदा समूहले ध्यान दिनु पर्ने पक्षहरू

कुनैपनि समूहले आफू सहकारी संस्थामा आवद्ध हुनु अगाडि निम्न पक्षहरूमा राम्रोसँग बिचार गरी आवद्ध हुनुपर्दछ :-

- सहकारी संस्थाको कार्य क्षेत्र पर्छ वा पर्दैन ।
- सहकारी कुन विषयसँग सम्वन्धित हो ।
- सहकारीको विनियम र अन्य नीतिहरू समूहको अनुकूल छ वा छैन ।
- सहकारीको बनौट लैङ्गिक रुपमा के कस्तो-प्रावधान छ ।
- सहकारीको कारोवार कसरी संचालन भएको छ-नाफा, घाटा, नियमितता आदि ।
- सहकारीमा नेतृत्वको संरचना कस्तो छ ? (भेदभाव गर्ने /नगर्ने)

- सहकारी संस्थामा काम कर्तव्य र अधिकारको पालना कस्तो छ, व्यवस्थापन सुशासित छ, छैन
- सदस्यहरूलाई अन्य के कस्ता सुविधा दिएको छ ?

## १२. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था र अन्य सहकारी संस्थाका बीच भिन्नताहरू

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था र चक्रीय अर्थात् सदस्यकेन्द्रीत बचत तथा ऋण सहकारी संस्थाका बीचमा रहेका भिन्नता निम्न अनुसार रहेका छन :-

| समूहमा आधारित (संघीय) बचत तथा ऋण सहकारी संख्या | सदस्य केन्द्रीत (चक्रीय) बचत तथा ऋण सहकारी संस्था |
|---|---|
| • शेयर सदस्य हुनका लागि समूहमा सदस्य बनेको हुनुपर्दछ ।<br>• समूहमा नियमित बचत संकलन गरी समूहको निर्णय गरी तोकिएको समयमा प्रतिनिधिले एकमुष्ट सहकारीमा सङ्कलन गर्दछन् ।<br>• ऋण लिनका लागि समूहको सिफारिस अनिवार्य छ ।<br>• ऋणका लागि साक्षी जमानी समूहकै सदस्य मध्येबाट हुनु पर्दछ ।<br>• ऋणको भाखा र असुलीप्रति पहिलो जिम्वेवारी समूहको हुन्छ ।<br>• समूहको प्रत्यक्ष निगरानी भएकाले भाखा नाघ्ने सम्भावना निकै कम हुन्छ ।<br>• समूहलाई पत्राचार गरी सदस्यसम्म पुग्छ ।<br>• ऋणका लागि धितोभन्दा जमानी महत्वपूर्ण हुन्छ ।<br>• बचत तथा ऋणको रेकर्ड समूहगत रुपमा अलग अलग राखिन्छ ।<br>• समुदायप्रति चासो तुलनात्मक रुपमा बढी हुन्छ ।<br>• नेतृत्वको विकास हुने प्रशस्त अवसर हुन्छ ।<br>• ऋण र अन्य सेवामा विपन्न, पछाडी पारिएका वर्गको पहुँच र आवाज समूहमार्फत प्रभावकारी तरिकाले सहकारीमा पुग्छ ।<br>• सदस्यता वृद्धि गर्न समूह नै बढी सक्रीय हुन्छ ।<br>• समावेशीकरणको संभावना वढी हुन्छ ।<br>• सहकारी संस्थाको विकासका लागि समूहमार्फत आवश्यक श्रम वा अन्य योगदान पाउन/लिन सजिलो हुन्छ ।<br>• क्षमता विकासमा सहभागिता र प्रतिनिधित्व गराउन सजिलो हुन्छ (कुन समूह र कति जना भन्ने छुट्याउन सजिलो ) | • समूहको सदस्य नबनीकन सिधै शेयर सदस्य बन्न सकिने ।<br>• हरेक सदस्य सिधैं आ-आफ्नै सहकारीमा गई बचत सङ्कलन गर्नु पर्दछ ।<br>• समूहको सिफारिस आवश्यक छैन<br>• साक्षी जमानी जो सुकै अन्य सदस्य पनि हुन सक्ने ।<br>• ऋणका लागि जमानीभन्दा धितो महत्वपूर्ण हुन्छ ।<br>• हरेक सदस्य आफ्नै वा सिधै सहकारीसँग जिम्मेवार हुन्छन् ।<br>• भाखा नाघ्ने सम्भावना तुलनात्मक रुपमा बढी देखिन्छ ।<br>• सिधै सदस्यहरूमा पत्राचार हुन्छ ।<br>• सबै रेकर्ड व्यक्तिगत रुपमा हुन्छ ।<br>• व्यवहारिक रूपमा समुदायप्रति चासो कमै देखिन्छ ।<br>• सीमित व्यक्ति मात्र नेतृत्वमा रहि रहने सम्भावना बढी हुन्छ ।<br>• विपन्न र पिछडिएकाहरूको पहुँच नपुग्ने खतरा बढी नै हुन्छ । (जस्तै साक्षी जमानी पनि नपाउने )<br>• पहुँचका लागि सहकारी वा व्यक्ति आफै सक्रीय हुनु पर्छ ।<br>• समावेशीकरण नहुन पनि सक्छ ।<br>• सदस्यबाट कारोवार बाहेक कुनै पनि प्रकारको योगदानको अपेक्षा गर्न सकिंदैन ।<br>• जसको पहुँच छ, उसैको प्रतिनिधित्व हुने संभावना बढी हुन्छ । |



## १३. समूहमा आधारित बचत तथा ऋण सहकारीमा बचत सङ्कलन विधि

बढी भन्दा बढी र धेरै प्रकारका बचत संकलन गर्ने प्रयास जुन सुकै बचत तथा ऋण सहकारी संस्थामा पनि हुन्छ । तर प्रयास मात्रले धेरै र बढी

प्रकारका बचत जम्मा हुन सक्दैन । खास गरी ग्रामीण समुदायमा बचत गर्ने अवसरको सर्वसुलभताले मात्र त्यो सम्भव छ । त्यसैले समय र पारिवारिक कार्यव्यस्तताका कारण महिला सदस्यहरू सहकारीसम्म पनि चाहेको जसरी जान सक्दैनन । जुन कुरा समूहमा बचत संकलन गरेर सहकारीमा लैजाने परिपाटीले सहज बनाएको छ । समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा तुलनात्मक रूपमा महिलाहरूको बचत जम्मा अपत्यारिलो ढंगबाट बढेको पाइन्छ । जुन सदस्य केन्द्रीत बचत तथा ऋण सहकारी संस्थामा हुँदैन । अत समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा निम्न तरिकाबाट बचत संकलन गर्ने गरिन्छ :-

- नियमित वैठकका दिन नियमित बचत सङ्कलन गरिन्छ
- सङ्कलित बचत निर्धारित समयमा सहकारीमा लैजाने व्यक्ति तोकिन्छ र पुर्‍याइन्छ
- आपसी सल्लाह अनुसार खुत्रुके, बाल बचत वा अन्य प्रकारका बचत गर्ने सदस्यहरूको बचत समेत संकलन गरिन्छ
- सहकारीको व्यावस्थापन क्षमता अनुसार नियमित वाहेक अन्य बचत कर्मचारीबाट संकलन गर्ने चलन पनि छ । जुन पालो मिलाएर सङ्कलन गर्दछन
- सङ्कलन गरिने दिनमा नै पासबुक भरी पासबुक समूहमा ल्याई पुन सदस्यहरूलाई दिइन्छ

## १४. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा ऋण परिचालन विधि/प्रक्रिया

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको सबैभन्दा संकरात्मक पक्ष भनेको भाखा म्यादभित्रै ऋण असुली हुनु हो । ऋण असुली राम्रो हुनका लागि ऋण लगानीको समयमा नै सतर्कता अपनाउनु पर्दछ, जसको राम्रो संभावना बचत तथा ऋण सहकारी संस्थामा हुन्छ । यसर्थ समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा ऋण परिचालन गर्दा



निम्न लिखित विधि र प्रक्रियाहरू अवलम्वन गरिएको हुन्छ ।

- समूहमा बैठक बसी बचत संकलन गरेकै दिन ऋणको माग समेत संकलन गरिन्छ ।
- पहिलेको ऋणको किस्ता भएका र पहिले नै ऋणको साक्षी-जमानी रहेका सदस्यको ऋण निवेदन लिइँदैन ।
- ऋणका लागि प्रारम्भिक रुपमा योग्य ठहरिएका सदस्यको निवेदनमाथि समूहले सिफारिस गर्ने निर्णय गर्दछ ।
- समूहबाट सिफारिस भई आएका निवेदनमाथि सहकारीमा ऋण उपसमितिले पुन: छानविन गरी योग्य ठहर भएमा संचालक समितिमा सिफारिस गर्दछ ।
- सञ्चालक समितिले कोषको अवस्था र मागको औचित्य हेरी अन्तिम निर्णय गर्दछ ।
- सञ्चालक समितिको निर्णयको आधारमा व्यवस्थापकले आवश्यक कानुनी र कागजी कार्य पूरा गरी ऋणको भुक्तानी गर्दछ ।
- विपन्न, राम्रो सम्भावना भएको, उद्यमशील तथा अवसर हेरिरहेका सदस्यहरुलाई प्राथमिकतामा राखिन्छ ।

## १५. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा ऋणको अनुगमन प्रणाली

बचत तथा ऋण सहकारी संस्थाको दिगोपनाको आधार त्यहाँ हुने कारोवारको आकार, सहकारी संचालन प्रतिबद्धता तथा सहकारी शिक्षा पनि हो । यसले ऋणको सदुपयोग र समयमा असुली हुने पक्षलाई राम्ररी प्रभाव पार्दछ । समूहमा अधारित बचत तथा ऋण सहकारी संस्थामा हुने ऋण अनुगमन प्रणालीले यसै तथ्यलाई पुष्टी गर्दछ । जस अनुसार सहकारी संस्थामा आवद्ध सवै समूहहरू आ-आफनो समूहमा रहेका ऋणको अनुगमन समूह आफैले गर्दछ । ऋणको भाखाको स्मरण गराउने भाखा नाघेमा ताकेता

गर्ने जमानीमा बस्ने सदस्यहरूलाई ऋण सिफारिस नगर्ने जस्ता कार्य गर्दछ । यति मात्र होइन उद्देश्य अनुसारको काममा लगानी गरेनगरेको अनुगमन गर्ने, नेतृत्व तहबाट सल्लाह सुझाव प्रदान गर्ने कार्य पनि त्यहाँ हुन्छ ।

समूहस्तरबाट हुने अनुगमन प्रणालीबाहेक सहकारीस्तरबाट समेत पुन उपसमितिले अनुगमन गर्ने र आवश्यक परे संचालक समितिकोतर्फबाट पनि खराब र भाखा नाघेका ऋणीहरूको घरदैलोमा नै पुगि ऋणीको अवस्था अध्ययन गरी असुलीको विकल्पहरू खोजिन्छ । पहिले समूहबाट नै ऋण असुलीको लागी ताकेता गरिने भएकोले प्रत्येक ऋणी सदस्य त्यस्तो ताकेताबाट सचेत रहने गर्दछन । दोस्रो साक्षी जमानी बस्ने सदस्यबाट समेत ऋण असुलीमा निगरानी राख्ने र आवश्यकता अनुसार दवाव समेत दिने हुँदा त्यसले पनि ऋणीलाई सचेत रहन सहयोग पुऱ्याउँछ । ऋणको सिमा अनुसार धितो जमानी समेत रहने हुँदा ऋणको सुरक्षामा यसले पनि सहयोग पुऱ्याउँछ ।

## १६. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका फाइदाहरू

संघीय वा चक्रीय जुनसुकै बचत तथा ऋण सहकारी संस्था भए पनि धेरै फाइदाहरू आपसमा मेल खाने खालका नै हुन्छन । तै पनि समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था भएकै कारण केही भिन्न खालका पाइदाहरू पनि छन् । जुन निम्न अनुसार छन ।

- समूह-समूह बीचको साझा संजाल निर्माण हुने ।
- सामाजिक रुपमा उठेका साझा सवालमा/उत्पीडनमा सामूहिक महत्वपूर्ण भूमिका निर्वाह हुने
- अति विपन्न दलित र उत्पिडित पिछडिएकाहरूलाई सहकारीमा सहभागी गराउन सजिलो हुने
- समूह-समूहमा विकसित नेतृत्व क्षमताको सहकारीस्तरमा समेत सदुपयोग हुने
- बचत सङ्कलन ठीक समयमा नै हुने



- बचत सङ्कलनमा समूहको भूमिका हुँदा सबै सदस्यको समयको बचत हुने
- ऋण असुलीमा सहकारीस्तरमा भूमिका घट्ने जसले कम जनशक्ति मा पनि काम गर्न सकिने
- पूँजीको वृद्धि छिटो हुने
- भाखा नाघ्ने ऋणको संभावना अति न्यून हुने ।
- ऋणको सदुपयोग बढी हुने ।
- अति विपन्न, दलित, पछाडी पारिएका वर्गको ऋणमा सर्वसुलभ पहुँच हुने
- नेतृत्वमा आउन सबै समूहलाई  मौका रहने
- सूचनाको आदान प्रदान गर्न छिटो छरितो र सजिलो हुने ।
- ऋण असुलीमा जिम्मेवारी बाँडफाँड हुने ।
- संस्थागत क्षमता वृद्धि गर्न असल र सक्षम व्यक्तिहरूको प्रतिनिधित्वको सम्भावना वढ्छ ।
- धेरै बस्ती/टोल र पिछडिएका जाती/जनजाती घर धुरीहरूलाई समावेश गर्न सजिलो हुन्छ ।
- समूह/समूहद्वारा आ-आफ्ना सामुदायिक विकासमा निरन्तर सक्रियता रहिरहने

## १७. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका सीमाहरू

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका धेरै सकारात्मक पक्षहरू छन भन्ने कुरा निर्विवाद छ यसका बावजुद् यस्ता सहकारी संस्थाहरूका केही सीमाहरू नभएका भने होइनन् । यस्तो केही सीमाहरू निम्न उल्लेखित छन् ।

- समुदायमा, समूहमा आवद्ध हुन छुटेका वा नचाहेका स्वतन्त्र व्यक्तिहरू समेट्न कठिन हुन्छ।

- ऋण लिने र दिने प्रक्रिया केही लामो हुन सक्छ ।
- नियमित बचतको रकममा एकरूपता ल्याउनु पर्ने हुँदा बचतदर तुलनात्मक रूपमा कमै हुनु ।
- समूह-समूह बीचको सञ्जालको एकीकरण गर्न पहल गर्ने काम झन्झटिलो हुने हुँदा अग्रसरता लिने व्यक्ति कम हुने ।
- प्रारम्भमा एक-अर्का समूहबीच शंका उपशंका र पछि एक-अर्का समूहका व्यक्ति बीच अस्वस्थ प्रतिस्पर्धा वा टकराव हुने डर हुने ।
- प्रारम्भमा पूँजीको आकार कम हुने तर ऋणको माग बढी आउन सक्ने हुँदा ऋण लगानी पर्याप्त वा पुग्ने गरी गर्न कठिन हुन सक्ने ।
- विविध बिचार र आस्था राख्ने नेतृत्व बीच अनावश्यक टकराव रहने डर

## १८. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा नेतृत्व प्रणाली

अन्य बचत तथा ऋण सहकारी संस्थामा जस्तै समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा पनि नेतृत्व चयन प्रक्रिया विनियममा उल्लेख गरे अनुसार नै हुन्छ । तर केही पृथक तरिका भने समूहमा आधारित सहकारीमा पाइन्छन् । यहाँ धेरै समूहबाट नेतृत्वमा समेटनु पर्ने भएकोले यो चुनौतीपूर्ण पनि हुन सक्छ । तर धेरै पक्षमा समझदारीपूर्ण तरिकाले यस्तो चुनौतीलाई कम गर्ने प्रयास हालसम्म प्रयोग र व्यवहारमा रहेका समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले गरेका छन् । विशेषत: सर्वसम्मत नेतृत्व चयनलाई प्राथमिकता दिइन्छ । यो सम्भव नहुने अवस्थामा विनियममा उल्लेख भएअनुसार नै निर्वाचनको बाटो अवलम्बन गरिन्छ । यस्तो स्थितिमा स्वभाविक रूपमा नेतृत्व गर्न सक्षम र आफनो समर्थन अन्य समूहबाट समेत जुटाएर आ-आफनो क्षमता-खुवी अनुसारको पदमा उम्मेदवारी दिन्छन । प्रक्रिया अनुसार निर्वाचन सम्पन्न गरी आ-आफनो जिम्वेवारी लिने गरिन्छ । उम्मेदवारी दिंदा र निर्वाचन प्रणालीमा



सहभागी भइसकेपछि निम्न पक्षमा ध्यान पुऱ्याउनु पर्दछ ।

- समेटिएका सबै वार्डको/गा.वि.स को प्रतिनिधित्व रहनु पर्छ ।
- समावेशिताको हिसाबले सबै जाति/जनजातिको प्रतिनिधित्व हुनुपर्छ ।
- पहिलेदेखि नै धेरै भन्दा धेरै समूहको विश्वास जितेका व्यक्ति हुनु पर्छ ।
- सहकारीमा कुनै न कुनै रुपमा योगदान विगत देखि दिँदै आएका र सक्षम व्यक्ति छुट्नु हुँदैन ।
- सहकारी संस्थाको सदस्य संख्या र कारोवारको आकार अनुसार योग्य नेतृत्वलाई पाखा लगाउनु हुँदैन ।
- आफ्नो सहकारी सञ्चालनका लागि स्पष्ट र दूरदृष्टि भएको व्यक्ति ।
- स्वत स्फुर्त रुपमा पदको दावी गर्नु पर्दछ । अरुको दवाव र इच्छा अनुसार आउनु हुँदैन ।
- सबैलाई समान दृष्टिकोणले हेर्ने र भेदभाव नगर्ने नेतृत्वलाई मौका दिनु पर्दछ ।
- सहकारी अवधारणा र सिद्धान्तमा स्पष्ट भएको व्यक्ति ।

## १९. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा संचार प्रणाली

कुनैपनि सहकारी संस्थाले आफूले संचालन गर्ने हरेक आर्थिक तथा प्रशासनिक गतिविधिहरू समयमा नै सदस्यहरूलाई जानकारी गराउनु कर्तव्य नै हुन आउँछ । यस अर्थमा समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थामा पनि यस नियम लागू हुन्छ । अन्य सहकारी संस्थाहरूमा हरेक सदस्यलाई सूचना प्रवाह गर्न जति कठिन हुन्छ त्यो भन्दा निकै सजिलो छिटो र प्रभावकारी सूचना प्रवाह गर्न समूहमा आधारित सहकारी संस्थाहरूमा हुन्छ । यस्ता सहकारीहरूले जुन सुकै महत्वपूर्ण कार्यका लागि समूहको नाममा पत्राचार गरे पुग्छ । समूहमार्फत् आफना सदस्यहरूलाई विशेष वैठक राखेर

वा घरदैलोमा नै पुगेर सूचनाहरू पुऱ्याइन्छ । यस्ता सूचनाहरू विशेष गरी साधारणसभा सम्बन्धी कुनै तालिम गोष्ठी भ्रमणमा सहभागी हुने सम्बन्धी, ऋणको भाखा नाघेको सम्बन्धी बढी हुने गर्दछन । यसरी समूहमार्फत गरिने सूचना प्रणालीले समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थालाई निम्न फाइदा हुने स्पष्ट हुन्छ :-

- पत्राचार गर्न कम समय र जनशक्तिले पुग्ने ।
- सूचना छिटो सम्वन्धित सदस्यलाई पुग्ने ।
- सूचना विश्वसनीय हुने ।
- सूचनाको प्रतिउत्तर छिटो हुने ।
- सूचनाको प्रभावकारिता बढ्ने ।
- उपयुक्त व्यक्ति छनौट हुने संभावना वढने (समूहले छनौट गर्ने हुँदा)
- सूचना प्रवाह कम खर्चमा हुने ।

## २०. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले तयार पार्ने बचत तथा ऋण नीति

सदस्य केन्द्रित बचत तथा ऋण सहकारी संस्था र समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको बचत तथा ऋण नीतिमा धेरै पक्षमा समानता रहे पनि केही पक्षहरू भिन्न पनि छन् । बचत तथा ऋण नीति जुन समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका लागि बढी व्यावहारमा ल्याइन्छ त्यो निम्न अनुसार उल्लेखित छ ।

### २०.१ समूहमा आधारित बचत तथा ऋण सहकारीको बचत नीति

बचत कुनैपनि वित्तीय संस्थाको दायित्व पनि हो । यस्तो दायित्व कति स्वीकार गर्ने भन्ने कुरा व्यवस्थापन दक्षतामा भर पर्दछ । यसैले बचत तथा ऋण सहकारी संस्थाहरूले आफ्नो सदस्यको ऋण मागको आकारलाई हेरेर के, कस्ता बचत कतिसम्म लिने भन्ने बारे छुट्टै अग्रीम नीति तयार



पार्नुपर्दछ । मकवानपुर जिल्लाका समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले चलन चल्तीमा ल्याएका प्रारम्भिक बचत नीति निम्न प्रकार रहेका थिए । यो नीति सबै सहकारीमा उस्तै वा हुन्छ हुनुपर्छ भन्ने होइन आ-आफ्नो क्षमता र अनुकूलता हेरी हुने गरेको छ ।

**........................ सहकारी संस्था लिमिटेडको**

**बचत नीति**

यस संस्थामा निम्न अनुसारका बचत कार्यक्रमहरू संचालन गर्ने नीति अवलम्बन गरिएको छ ।

### बचत

**(क) नियमित बचत :**

नियमित बचत गैर सदस्यले मासिक नियमित रुपमा जम्मा गरेको वा जम्मा गर्न राजी भएको बचतको रकम हो । यस प्रकारको बचत पनि उनीहरूले संस्थामा नियमित रुपमा जम्मा गरिरहनु पर्नेछ । नियमित बचत संकलन मासिक रुपमा महिनाको १३ गते गरिने छ र बचत दर कम्तिमा रु. २५।- कायम गरिएको छ ।

**(ख) खुत्रुके बचत :**

संस्थाका सदस्यले आफ्नो बचत वृद्धिका लागि घरमा एउटा खुत्रुके राखी त्यसमा रकम जम्मा गर्नेछन् । संस्थाले खुत्रुकेमा बचत गर्न चाहने व्यक्तिलाई संस्थाको नियमानुसार प्रवेश शुल्क प्रदान गर्नेछ । यस भन्दा अगावै वितरण गरिएको हिसाब संस्थाको खातामा राखिने छ । खुत्रुके सदस्यको घरमा रहन्छ तथा खुत्रुकेमा लगाइने साँचो संस्थामा रहन्छ । खुत्रुके बचतमा न्यूनतम मासिक रु. ३०।- अनिवार्य हुनुपर्ने छ । हरेक महिनाको तोकिएको दिनमा खुत्रुके संस्थामा वा समूह बैठकमा लगि त्यसमा रहेको

रकम बचत गरिन्छ । खुत्रुके बचत केटाकेटीहरूको नाउँबाट पनि सदस्यहरूले गर्न सक्छन्, तर यसो गर्दा सो बचतको सम्पूर्ण जिम्मा सम्बन्धित सदस्यको नै हुन्छ । सदस्यहरुको सुविधा र इच्छा अनुसार यी भन्दा फरक प्रकारका बचतहरु पनि छोटो वा लामो समयका लागि सञ्चालन गर्न सकिन्छ । जस्तै- सुत्केरी बचत, विवाह बचत, स्वास्थ्य बचत आदि । लगातार तिन महिनासम्म न्यूनतम् रकम जम्मा नगरेमा खुत्रुके संस्थाले फिर्ता माग्न सक्नेछ ।

**(क) ऐच्छिक बचत :**

शेयर सदस्यहरू तथा संघ संस्थाले आफ्नो इच्छा अनुसार स्वेच्छिक रुपमा संस्थामा जम्मा गर्दै जाने बचत रकमलाई ऐच्छिक बचत भनिने छ । यस्तो बचत जम्मा गर्न संस्थाले न्यूनतम् र अधिकतम सीमाना रकमको निर्धारण गर्दछ । त्यसै अनुरुप सदस्यले बचत गर्नुपर्दछ ।

**(ख) आवधिक बचत :**

संस्थाका सदस्य तथा संघ संस्थाले आफ्नो इच्छा अनुसार निश्चित अवधिको लागि एकमुष्ठ जम्मा गरेको रकमलाई आवधिक बचत भनिन्छ । यस प्रकारको बचत गर्नको निमित्त इच्छुक व्यक्ति वा संघ संस्थाले तोकेको ढाँचामा आवेदन दिनु पर्ने छ । यस प्रकार जम्मा गरेको बचतकर्तालाई बचत जम्मा गरेको रसिद संस्थाले प्रदान गर्ने छ । यसको पनि न्यूनतम र अधिकतम रकम सीमाना संस्थाले निर्धारण गर्छ तथा बचतकर्ता र संस्था बीचबाट समयावधिको निर्धारण गरिन्छ ।



## बचतको व्याजदर

**संस्थाद्वारा संचालित विभिन्न निम्नानुसारले व्याज प्रदान गरिने छ ।**

| क्र.सं. | बचतको प्रकार | अवधि | व्याजदर | कैफियत |
|---|---|---|---|---|
| १. | नियमित बचत | वर्षिक | १० | |
| २. | खुत्रुके बचत | वार्षिक | ८ | |
| ३. | ऐच्छिक बचत | वर्षिक | ८ | महिनाको न्यूनतम बचतमा |
| ४. | आवधिक बचत (मुद्दती) | २ वर्षे<br>३ वर्षे<br>५ वर्षे | १२<br>१३<br>१४ | साँवाको दोब्बर<br>साँवाको दोब्बर<br>साँवाको दोब्बर |

*यस्तो व्याज दर समयानुकूल संस्थाले परिमार्जन गर्न सक्तछ ।*

## बचत फिर्ता

सदस्यहरूले आफूले जम्मा गरेको बचत निम्नानुसारको अवस्थामा फिर्ता पाउने छन् ।

| क्र.सं. | बचतको प्रकार | समय अवधि | फिर्ता पाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नियमित बचत | सदस्य भएको १ वर्षपछि मात्र फिर्ता पाउन सक्छ | कम से कम माहिनाको बचत खातामा राखेर | |
| २. | खुत्रुके बचत | १ वर्षपछि (सदस्य भएको) | ४ महिनाको न्यूनतम बचत मौज्दात राखेर | ७ दिनको पूर्वसूचना दिनुपर्ने |
| ३. | आवधिक बचत (मुद्दती) | तोकिएको समय अवधिसम्म | समय अवधिभन्दा अगाडि पैसा फिर्ता लिनुपरेमा कार्य समितिको निर्णय अनुसार गर्न सकिने | |
| ४. | ऐच्छिक बचत | खुला | एक महिनापछि निकाल्न सकिने | |

- सदस्यहरूले ऋण लिएको तथा अन्य ऋणीको जमानी बसेको अवस्थामा जमानत बसे बराबरको बचत रकम फिर्ता गर्न पाइने छैन ।
- सदस्य स्वयं ऋणी रही भाखा नाघेको अवस्थामा खुत्रुके बचत तथा दैनिक बचतको रकम फिर्ता पाउने छैन तर संस्थाको ऋण तिर्नमा भने प्रयोग गर्न सकिने छ । सो बाहेक अन्य परिस्थितिमा कूल बचतको ५० प्रतिशतले हुन आउने रकम मात्र निकाल्न सक्ने छ ।
- खुत्रुके तथा नियमित बचत फिर्ता नाबालक छ भने बालिक भएपछि मात्र फिर्ता पाइने छ तर विशेष परिस्थितिमा भने अभिभावक वा संरक्षकको सिफारिसमा गर्न सकिने छ ।

## बचतको हद

बचतकर्तालाई न्यूनतम बचतको हद तोकिने छ । तर अधिकतम् हद भने हाललाई खुल्ला राखिएको छ (विशेष परिस्थितिमा मात्र तोकिने छ ।)

न्यूमतन बचतको हद निम्नानुसारले हुनेछ :

| क्र.सं. | बचतको प्रकार | न्यूनतम बचत रकम | कैफियत |
|---|---|---|---|
| १ | नियमित बचत | रु. २५ मासिक | |
| २ | खुत्रुके बचत | रु. ३० मासिक | |
| ३ | ऐच्छिक बचत | रु.३० एक पटकमा | (सो भन्दा बढीको हकमा ५ ले भाग जाने संख्या बराबर) |
| ४ | आवधिक बचत | रु. ५०० देखि रु. १,००,००० सम्म मात्र | |



## हकवालाको व्यवस्था

⇒ सदस्यहरू तथा बचतकर्ताहरूले बचत एवं शेयर हस्तान्तरण वा परिचालनको लागि आफूले चाहेको अवस्थामा वा आफ्नो शेषपछि त्यसको हक पाउने गरी इच्छित हकवाला मनोनयन गर्ने छ । उक्त हकवालाको मनोनयन तोकिएको समयमा नै (सदस्य बन्नुपूर्व) गर्नुपर्ने छ ।

⇒ हकवाला एक पटक मनोनयन गरे तापनि सदस्यले आफ्नो इच्छा अनुसार हकवालाको परिवर्तन गर्न सक्ने छ ।

⇒ हकवालाको मनोनयन नगरेको अवस्थामा मुलुकी ऐन अनुसार हकवाला निर्धारण गरिने छ ।

## विविध

उल्लेखित संचालन नीतिका अतिक्ति अन्य प्रक्रियाहरूको परिमार्जन तथा सुधार संचालन समितिको निर्णयानुसार हुने छन् ।

सदस्यहरूले आफ्नो संस्थामा रहेको बचत संस्थासँग भएको सम्झौता अनुसार निश्चित रकम शेयरमा हस्तान्तरण गर्न सक्ने छ ।

माथि उल्लेख गरेको भन्दा फरक कार्यक्रम र विषयवस्तुहरु नीतिमा उल्लेख नभएको वा नयाँ कुरा अकस्मात आएमा समूह र सहकारीमा तत्काल बैठक बसी थप नीति नियमहरु बनाउन सकिन्छ ।

## २०.२ समूहमा आधारित बचत तथा ऋण सहकारीको ऋण नीति

ऋण नीति, हरेक बचत तथा ऋण सहकारी संस्थाका लागि अनिवार्य छ । यसले सदस्यहरूमा सहकारीप्रति विश्वासको वातावरण सिर्जना गराउने मात्र होइन, हरेक ऋणीलाई अनुशासित पनि बनाउँछ । यहाँ सहमति लघुवित्त संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रमले आफ्ना लक्षित समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाका लागि प्रयोगमा ल्याएको ऋण नीति निम्न अनुसार उल्लेखित गरिएको छ ।

## .................................. सहकारी संस्था लिमिटेडको ऋण नीति

### १. पृष्ठभूमि :

कुनै पनि व्यक्ति वा संघ संस्थाले अर्को कुनै व्यक्ति वा संघ/संस्थासँग निश्चित ब्याजदरमा निश्चित अवधि पछि साँवा र व्याज समेत एकमुष्ठ वा किस्ताबन्दी रुपमा बुझाउने गरी लिने/लिएको रकमलाई ऋण भनिन्छ । यस्ता ऋणहरू विभिन्न प्रयोजनको लागि लिन सकिन्छ । ........................................ सहकारी संस्था लि.को हकमा यस संस्थाको शेयर सदस्यहरूलाई संस्थाले तोकेका विभिन्न प्रयोजनको निमित्त तोकिएको समयमा साँवा र ब्याज असुल गर्ने गरी दिइएको रकमलाई ऋण भनिने छ ।

### २. ऋणका प्रकारहरू :

यस संस्थाले आफ्नो सदस्यहरूलाई ऋण प्रदान गर्न ऋणलाई निम्न अनुसार वर्गीकरण गरेको छ ।

### क. आयमूलक ऋण :

कुनै पनि उद्योग व्यवसाय संचालनबाट सदस्यको आम्दानी वृद्धि गर्ने उद्देश्यले संचालित कार्यक्रम, परियोजना वा व्यवसाय संचालनलाई आयमूलक व्यवसाय भनिन्छ । यस प्रकारको व्यवसाय संचालन गर्न प्रदान गरिने ऋणलाई आयमूलक ऋण भनिन्छ । आयमूलक ऋणले उत्पादनमूलक तथा सेवामूलक दुबै प्रकारका व्यवसायलाई जनाउने छ । यसको लागि बढीमा रु १००००।- सम्म व्यवसाय हेरेर ऋण प्रदान गरिने छ । संस्थामा थप कोष जम्मा हुँदै जाँदा ऋण सीमा पनि थप गर्दै लैजान सकिने छ ।



### ख) सामाजिक ऋण :

सदस्यहरूको व्यवहारिक समस्या समाधान गर्नको लागि प्रदान गरिने ऋणलाई सामाजिक ऋण भनिन्छ । यस्तो प्रकारको ऋण सदस्यलाई स्वास्थ्य, शिक्षा, आवास, जस्ता कार्यको लागि प्रदान गर्न सकिने छ । यसको लागि ऋण बढीमा रु ५०००।-सम्म हुनेछ । संस्थामा थप कोष जम्मा हुँदै जाँदा सामाजिक ऋण सीमा पनि थप गर्न सकिन्छ ।

### ग) आकस्मिक ऋण :

सदस्य वा सदस्यको एकाघरको परिवारभित्र कुनै संवेदनशील अवस्था सृजना भएमा वा कुनै अप्रत्याशित घटना घट्न गएमा त्यस्तो अवस्थामा प्रदान गर्ने ऋणलाई आकस्मिक ऋण भनिन्छ । जस्तै : दुर्घटना, मृत्यु, दैविप्रकोप, औषधोपचार इत्यादी । यस्तो अवस्थाको पहिचान संचालक समिति आफैले वा समितिले तोकेको व्यक्ति वा उपसमितिबाट हुनेछ साथै रकम बढीमा रु ५०००।- सम्म हुनेछ ।

### ३. ऋण निवेदनको योग्यता :

यस संस्थाबाट ऋण प्रदान गरिंदा निम्न योग्यता पुगेका सदस्यहरूलाई मात्र गरिने छ :-

क) संस्थाको सदस्य भई नियमित ६ महिनासम्म बचत गरेको हुनुपर्ने ।

ख) नियमित रुपमा ऋण आवेदन गर्दाको दिन सम्मको अनिवार्य बचत जम्मा गरेको हुनुपर्ने छ, कुनै सदस्यले विगत ३ महिनादेखि लगातार बचत जम्मा नगरेको भए ऋण पाउन योग्य हुने छैन ।

ग) दोस्रो, तेस्रो वा चौथो पटक ऋण लिने सदस्यको हकमा अघिल्ला ऋणहरूको किस्ता अवधिभित्र ऋण भुक्तान गरेको हुनुपर्ने छ । यदि त्यस्तो नगरेको भएमा अन्तिम किस्ताको अवधि जति समयले कटेको छ, त्यत्तिकै समयपछिसम्मका लागि ऋण माग गर्न पाउने छैन ।

(जस्तै : क भन्ने व्यक्तिले आफ्नो ऋणको अन्तिम किस्ताको निर्धारित समयभन्दा ६ महिनापछि मात्र ऋण चुक्ता गऱ्यो भने पुन: ऋण माग गर्न ऋण तिरेको ६ महिना नै पुगेको हुनु पर्ने छ ।)

घ) ऋण आवेदन फारममा सदस्यहरूको सदस्यता नं., हालसम्मको बचत रकम र खरिद गरेको शेयरको रकम अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

ङ) कुनै ऋणिको जमानतमा नबसेको व्यक्ति हुनु पर्नेछ । जमानतमा बसेको सदस्यको हकमा ऋणको आधारमा ऋण आवेदन गर्न सक्ने छन् तर यस्ता सदस्यहरू जमानतबाट मुक्त भएको मानिने छैन ।

च) कुनै पनि ऋणीले जति महिना ऋणको भाखा नघाउँछ उति महिनापछि ऋण पुन: पाउन सक्नेछ।

छ) समूहको सिफारिस र निर्णय अनुरुप ऋण प्रदान गरिने छ ।

## ४. ऋण प्राथमिकता :

संस्थाबाट ऋण लगानी गरिंदा निम्नअनुसारको अवस्था भएका सदस्यलाई प्रथमिकता दिइने छ :-

क) आयमूलक काम

ख) सीप/अनुभव तथा बजार व्यवस्था आफै गर्न सक्ने

ग) महिला/विपन्न वर्ग तथा पिछडिएको जनजाति

घ) मौसमी व्यवसाय

ङ) ऋणीको चरित्र तथा आर्थिक अनुशासन

च) प्रथम पटक ऋण माग गर्ने सदस्य

छ) ऋण मागकर्ताको आकस्मिक अवस्था

ज) सृजनशील/नयाँ व्यवसाय

झ) सदस्य बनेको समय अवधि

ञ) लघु/मझौला खालका व्यवसाय



## ५. ऋण माग गर्ने प्रक्रिया :

क) ऋण लिन चाहनेले समूहमा निवेदन दिनु पर्नेछ र सहकारीमा समूहको सिफारिस सहित जानुपर्नेछ ।

ख) ऋण माग गर्ने सदस्यले निवेदनमा आफूलाई ऋण आवश्यक परेको कारण दर्शाइ संस्थाले उपलब्ध गराएको ऋण माग फारम संस्थामा बुझाउन पर्ने छ ।

ग) ऋण फारम संस्थाबाट रु. ५।- तिरेपछि उपलब्ध हुने छ ।

## ६. ऋणको सीमा :

क) ऋणको सीमा आर्थिक वर्षको शुरुमा संचालन समितिले तोक्नेछ । यसै बखत परियोजना/व्यवसायको प्रकृति, लगानीका क्षेत्रहरु समेत निर्धारण गरिने छ ।

ख) सदस्यले परियोजनामा आफ्नो स्व-लगानी कम्तीमा २० प्रतिशत जुटाएको हुनु पर्नेछ । उक्त परियोजनामा बढीमा ८० प्रतिशतसम्म मात्र संस्थाले ऋण उपलब्ध गराउने छ । तर हालको लागि स्थायी सम्पत्ति (घर/जग्गा) खरिद गर्नको लागि ऋण प्रदान गरिने छैन ।

ग) संस्थाले ऋण लगानी गर्दा कूल बचत रकमको बढीमा ९० प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने छ ।

घ) ऋणको रकम संस्थाले परियोजना/बजार आदिको आधारमा निर्धारण गर्नेछ तर एक सदस्यलाई बढीमा संस्थाको कूल चुक्ता पूँजिको १० प्रतिशतभन्दा बढी रकम लगानी गरिने छैन ।

ऋणको कूल सीमा र ऋण स्वीकृत गर्ने अधिकार देहायमा उल्लेख भए अनुसार हुनेछ ।

- आकस्मिक ऋण रु ३,०००।- सम्म ऋण उपसमितिबाट तत्काल स्वीकृत गर्न सक्ने छ । अन्य ऋणका लागि संचालक समितिको सिफारिस र निर्णय अनुरुप हुनेछ ।

- कुल ऋण सीमा अन्तर्गत छुट्याइए अनुसार लगानी नभएमा वा लगानी गर्नु आवश्यक परेमा कार्य समितिले सीमा परिवर्तन गरी लगानी गर्ने निर्णय गर्न सक्ने छ ।

## ७. भुक्तानी अवधि :

संस्थाले प्रवाह गरेको ऋणको किस्ता उद्देश्य अनुसार तोकिने छ, तर ऋणको अधिकतम् अवधि निम्नानुसार हुनेछ ।

| क्र.सं. | ऋणको किसिम | समयावधि | किस्ता |
|---|---|---|---|
| १ | आयमूलक ऋण | अधिकतम १ वर्षसम्म | ऋण प्रदान गर्ने समयको शर्त तथा सहमति |
| २ | सामाजिक ऋण | अधिकतम ६ वर्षसम्म | पहिलो ६ महिनामा त्रैमासिक |
| ३ | आकस्मिक ऋण | ६ महिनासम्म | तालिका अनुसार |

## ऋणमा जमानी साक्षी :

- आफ्नै समूहबाट जमानी बस्नु पर्ने छ । जसमा रु ५०००।- बराबर १ जना बस्नु पर्ने ।
- बचत र शेयर रकमले थाम्ने रकम सम्मलाई जमानी राखिने छैन ।
- नियमानुसार अन्य सदस्यहरु साक्षी बस्न सक्नेछन् ।

## ८. व्याज दर :

संस्थाले देहायमा उल्लेख भएअनुसारको व्याज दरमा ऋण उपलव्ध गराउने छ । सरकारी वित्तीय नीति, नेपाल राष्ट्र बैंकको निर्देशन तथा वित्त बजारको स्थिति हेरी समितिले यसलाई समय समयमा थपघट गर्न सक्ने छ ।



| क्र.सं. | ऋणको प्रकृति | व्याज दर (वार्षिक) | सेवा शुल्क |
|---|---|---|---|
| १ | आयमूलक ऋण | १८ % | १ % |
| २ | सामाजिक ऋण | १८ % | ० % |
| ३ | आकस्मिक ऋण | १८ % | ० % |

## ९) हर्जाना

संस्थाले प्रदान गरेको ऋण, चुक्ता गर्नु पर्ने मितिदेखि ७ दिनसम्म ऋण बुझाउन समय दिइने छ र सो अवधिमा पनि ऋण नबुझाएमा निम्नानुसारको हर्जाना लिइने छ :

| क्र.सं. | अवधि | हर्जाना प्रतिशत |
|---|---|---|
| १ | पहिलो महिना | २ % |
| २ | दोस्रो महिना | ४ % |
| ३ | तेस्रो महिना | ६ % |
| ४ | त्यस पछि १ वर्षसम्म | १२ % |
| ५ | १ वर्ष पछि | १८ % |

कर्जा चुक्ता गर्नु पर्ने समयभन्दा तिन महिना पछिसम्म पनि साँवा र व्याज नतिर्ने ऋणको व्याज रकम पूँजिकरण गरिने छ ।

## १०. असुली प्रक्रिया :

क) सदस्यले आफूले लिएको ऋण तोकिएको समयभित्र संस्थाको कार्यालयमा बुझाउनु ऋणीको कर्तव्य हुनेछ ।

ख) ऋणको किस्ता आउनुभन्दा १५ दिन अगाडि ऋणीलाई स्मरण पत्र पठाइने छ ।

ग) भाखा नाघेको १५ दिनपछि ऋणीलाई ताकेता पत्र पठाइने छ ।

घ) भाखा नाघेको ४५ दिनपछि ऋणीलाई अन्तिम ताकेता पत्र पठाइने छ ।

ङ) सदस्य जमानतमा ऋण लिएका ऋणीहरूको हकमा ऋणीले अन्तिम किस्ताको ३ महिनासम्म पनि ऋण चुक्ता नगरेको अवस्थामा जमानतमा बस्ने सदस्यलाई लिखित रुपमा जानकारी गराइने छ ।

च) अन्तिम ताकेता पत्र बुझाउँदासम्म पनि ऋण नतिर्ने ऋणीको नामावली तयार गरी ऋण रकम तिर्न आउने बारेको क्रमश: ३५ दिने, १५ दिने र ७ दिने सूचना संस्थाको सूचना पाटीमा प्रकाशित गरिने छ । उल्लेखित प्रक्रिया पूरा गर्दासम्म पनि रकम असुली हुन नआएमा सरकारी ऐन बमोजिम आवश्यक कार्यवाहीको लागि सम्बन्धित कार्यालयमार्फत प्रक्रिया चलाइने छ ।

## ११. धितो जमानत :

ऋण प्रदान गर्दा निम्नानुसारको धितो जमानतको ऋण प्रदान गरिने छ :-

- सदस्य जमानत
- जग्गा जमानत

जमानतमा भएको धनमाल वा सम्पत्ति ऋण चुक्ता नभएसम्म फुकुवा हुने छैन ।

क) सदस्यले आफूले खरिद गरेको शेयरको १५० प्रतिशत तथा बचत गरेको रकमसम्म जमानत दिन सक्ने छ । तर एक जना सदस्यले नियमित बचत ६ महिनासम्म गरेको अवस्थामा बढीमा रु. ५०००। सम्मको जमानत दिन सक्ने छ ।

ख) संस्थामा भएको व्यालेन्सलाई जमानतमा राख्न सकिने छ । उक्त व्यालेन्स ऋणको साँवा तथा व्याज असुली नभएसम्म झिक्न पाइने छैन ।

ग) स्थिर सम्पत्ति (जग्गा) जमानतमा राखी ऋण प्रदान गर्दा गा.वि.स. कार्यालयबाट चार किल्ला प्रमाणित र स्थानीय मालपोत कार्यालयमा धितो रोक्का गराई ऋण प्रदान गरिने छ । सो प्रक्रिया पूरा गर्दा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयंले बेहोर्नुपर्ने छ ।



घ) नियमानुसार धितो रोक्का गर्दा स्थानीय प्रचलित मूल्य र स्थानीय मालपोत कार्यालयले निर्धारण गरेको मूल्यांकनको आधारमा जग्गाको मूल्यांकन गरिने छ । मल्यांकनको ५० प्रतिशत नबढाई ऋण प्रदान गरिने छ ।


ङ) सदस्यले संस्थाबाट आफूले खरिद गरेको शेयर रकमको डेढ गुणा रकमसम्म बिना धितो ऋण लिन सक्ने छ । जमानत बस्ने हकमा पनि सोही बराबर जमानत दिन सक्ने छ ।

## २१. समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको संरचना

सदस्य केद्रित बचत तथा ऋण सहकारी संस्था र समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाबीच मित्रता देखिने प्रमुख आधार भनेको नै यसको संरचना अथवा निर्माण ढाँचा नै हो । यस्ता समूहमा आधारित सहकारीहरू दर्ता समयमा जति वटा समूह एकीकरण भएर मिले पनि क्रमश आफ्ना कार्य क्षेत्र भित्रका हरेक समुदाय/टोल स्तरमा समूहगठन हुँदै आवद्ध हुने क्रम रहिरहन्छ । यो क्रम त्यतिबेला रोकिन्छ जति बेला कार्यक्षेत्र विस्तार गरिदैन र भएका कार्यक्षेत्रका सबै घर परिवार र सदस्य बन्न योग्य व्यक्ति सबै समेटिन्छन् । हालसम्म व्यावहारिक अभ्यासमा आएअनुसार समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाको संरचनालाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ । जुन सांगठनिक संरचना र कार्यगत संरचना गरी विभाजन गरिएको छ :-

### २१.१ सांगठनिक संरचना :

समूहमा आधारित सहकारी संस्थाहरूमा पनि अन्य सहकारीहरूमा जस्तै सांगठनिक संरचना उस्तै नै हुन्छन् । यतिमात्र फरक हुन सक्छ कि हरेक समिति, उपसमितिहरूमा विकेन्द्रित तरिकाबाट प्रतिनिधित्व हुने सम्भावना रहन्छ ।




## २१.२ कार्यगत संरचना :

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्था धेरै समुदाय र धेरै समूहबाट प्रतिनिधित्व गरेर बन्ने सहकारी भएकोले यसमा कार्यगत संरचनामा स्पष्टता आउनु जरुरी छ । उक्त कार्यगत संरचनालाई बुँदागत रुपमा सरल ढंगले निम्न अनुसार प्रस्तुत गरिएको छ :-

१. हरेक सदस्यहरू समूहप्रति प्रत्यक्ष जवाफदेही हुन्छ ।
२. हरेक समूहहरू सहकारी संस्थाप्रति प्रत्यक्ष जवाफदेही हुन्छन् ।
३. उपसमितिहरू सञ्चालक समितिप्रति सिधैं जवाफदेही हुन्छन् ।
४. विषयगत सवालहरू उत्पन्न हुँदा विषयगत उपसमितिप्रति सदस्य वा समूह प्रत्यक्ष रुपमा जवाफदेही हुनेछन् ।
५. विषयगत सहकारीहरू जिल्ला विषयगत संघप्रति उत्तरदायी र जवाफदेही हुने गर्दछन् ।
६. सहकारीस्तरका व्यवस्थापक तथा कर्मचारीहरू सञ्चालक समितिप्रति उत्तरदायी/जवाफदेही हुन्छन् ।



## २२. समूह तथा सहकारीमा राख्ने अभिलेख :

समूहमा आधारित सहकारी संस्थामा समूह र सहकारी गरी दुई तहमा अभिलेखहरू व्यवस्थित हुन्छन् । खासगरी बचत र ऋण सम्बन्धी अभिलेख दुवै तहमा राख्दा सदस्यहरूले सजिलै जानकारी पाउन सक्ने र अभिलेख सुरक्षित हुने सम्भावना बढ्छ । केही यस्ता अभिलेखहरू हुन्छन् जुन सहकारीस्तरमा मात्र राख्दा पनि पुग्छ । यस्ता केही अभिलेखहरू हुन्छन् र ती अभिलेख समूहमा मात्र रहने, सहकारीमा मात्र रहने र दुवै तहमा रहने गरी राखिएका हुन्छन् । यी अभिलेखहरू निम्न अनुसार छन् :-

### २२.१ समूह स्तरमा :

- निर्णय पुस्तिका
- बचत अभिलेख खाता
- बचत संकलनका आन्तरिक नीति नियम
- सहकारीद्वारा उपलब्ध गराउने बचत तथा ऋण नीति
- समूह सञ्चालनका नीति नियम (विधान)
- बचत पासबुक
- ऋण सिफारिस फारम
- शेयर आवेदन फारम (यदि सहकारीले उपलव्ध गराएको खण्डमा)

### २२.२ सहकारी संस्था स्तरमा :

- विनियम
- आर्थिक तथा प्रशासनिक नियमावली
- बचत तथा ऋण नीति
- निर्णय पुस्तिका (समिति, उपसमितिको अलग अलग)
- शेयर सदस्यता दर्ता किताब
- शेयर आवेदन फारम
- बचत संकलन रसिद (सबै खालका बचतको)

- चार खाता (आम्दानी, खर्च, सम्पत्ति, दायित्व खाता)
- ऋणको आवेदन फारम
- ऋण किस्ता भुक्तानी रसिद
- अन्य आम्दानी रसिद
- तमसुक
- विविध भुक्तानी रसिद
- भौचरहरू
- व्यक्तिगत बचत खाता
- पासबुक
- व्यक्तिगत ऋण खाता
- शेयर प्रमाण-पत्र
- ऋण लगानी अद्यावधिक रजिष्टर

## २३. समूहप्रति सहकारीको भूमिका

समूहमा आधारित सहकारी संस्था समूहका सदस्यहरू मिली बनेको हुनाले समूहप्रति सहकारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जस्तै :-

- नीति नियमहरूको निर्माण र परिमार्जनको जानकारी आवद्ध समूहलाई गराउने ।
- समूहमा आवद्ध सबै सदस्यलाई शेयर सदस्य बन्न प्रेरित गर्ने ।
- सहकारीमा आवद्ध सदस्यबाट मात्र बचत संकलन गर्ने ।
- समूहको सिफारीस तथा निर्णय भई आएको ऋण निवेदन माथि छलफल गरी लगानीको लागि निर्णय गर्ने ।
- ऋण असुलीका लागि समूह तथा समूह सदस्यलाई सचेत गराउने ,
- समय समयमा समूह तथा ऋण सदुपयोगिताको अनुगमन गर्ने
- समूहबाट आएका सुझावहरूलाई ध्यानमा राखी कार्य गर्ने



- नीति नियम निमार्ण गर्दा समूहसंग परामर्श गर्ने ।
- समय समयमा समूहसमूहमा अन्तरक्रिया कार्यक्रम चलाउने
- समूह सदस्यहरूलाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने
- सदस्यहरूलाई निरन्तर शिक्षा प्रदान गर्ने जस्तै सहकारी ऐन , नियम विनियम र वस्तु तथा सेवाहरूको जानकारी एवम् छलफल
- संस्थाको कार्य योजना निर्माण तथा प्रगतिहरूको समय समयमा जानकारी गराउने ।

## २४. सहकारीप्रति समूहको भूमिका :

समूहमा आधारित सहकारी संस्था समूहका प्रतिनिधिहरू तथा सवै सदस्यहरूको संलग्नतामा सञ्चालन भएको हुनाले समूहले सहकारीप्रति पनि आफनो जिम्मेवारी र भूमिका बहन गरेको हुन्छ । जस्तै :-

- समूहमा नियमित बैठक बसी सबै सदस्यको अनिवार्य बचत सहकारीमा जम्मा गर्ने ।
- समूहमा आवद्ध सदस्यहरूलाई सहकारी शेयर सदस्य बनाउन पहल गर्ने ।
- समूह बैठकको सिफारीस तथा निर्णयको आधारमा ऋण लगानी तथा असुलीमा पूर्ण जिम्मेवारी वोध गर्ने ।
- सहकारीका नीति नियम र क्रियाकलापको बारेमा समूहमा छलफल गर्ने ।
- ऋणको सदुपयोगितामा सुनिश्चितता गर्ने ।
- सहकारीलाई समूहले गर्ने क्रियाकलापको बारेमा सल्लाह सुझाव दिने
- छुटेका घर परिवारलाई समूहमा आवद्ध गराउन पहल गर्ने ।
- समूहमा हिसाब किताब तथा अभिलेख दुरुस्त राख्ने ।
- ऋण माग तथा सिफारीस गर्दा समूहभित्रको सदस्य जमानी तोकी सिफारिस गर्ने ।

## २५. समूहप्रति सदस्यको भूमिका

समूहमा आधारित सहकारी संस्था अर्न्तगतका समूहप्रति सदस्यहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहकारी संस्था तथा समूहको खम्बा भनेका नै सदस्यहरू हुन । त्यसैले सदस्यहरूको समूहप्रति महत्त्वपूर्ण जिम्मेवारी र भूमिका हुन्छन ।

- समयमा बैठक तथा साधारण सभामा अनुशासित रूपले भाग लिनु ।
- केही प्रस्ताव भएका पेश गरी छलफलमा भाग लिनु
- अरुको कुरा सुन्नु , जायज कुरा स्वीकार गर्नु ।
- बचत जम्मा गर्नु , ऋण माग गरी प्राप्त गर्नु, ऋणको सदुपयोग गर्नु
- साँवा व्याज समयमा गर्नु
- आफ्नो बचत तथा ऋणको विवरण लिनु ।
- समय समयमा आय-व्यय विवरण माग गर्नु
- वार्षिक हिसाबमा नाफा भएमा सो प्राप्त गर्नु
- नीति नियमको निर्माण गर्ने पारित गर्ने, पालना गर्ने ।
- पदाधिकारीहरूको चयन गर्नु
- संस्थाको गोपनीयता कायम राख्नु ।

## २६.समूहमा आधारित सहकारीको साधारण सभा, समिति, उपसमिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

समूहमा आधारित सहकारीको साधारण सभा, समिति, उपसमिति र पदाधिकारीहरूको काम कर्तव्य र अधिकार निम्न अनुसार छ :-

**साधारण सभाको काम, कर्तव्य र अधिकार :-**

- समिति र लेखा (सुपरिवेक्षण) समितिको निर्वाचन र राजीनामा स्वीकृत गर्ने ।
- विनियम संशोधनलाई अनुमोदन गर्ने ।



- हिसाब किताब सम्बन्धमा बिचार तथा अनुमोदन गर्ने ।
- बजेट अनुमोदन गर्ने ।
- सदस्य निष्काशन सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयको अनुमोदन गर्ने ।
- अध्यक्षले निर्णय गरेका विषयमाथि छलफल गरी अनुमोदन गर्ने ।
- लेखा परीक्षकको नियुक्ति गर्ने ।
- सञ्चालक समितिको सिफारिस अनुसार लाभांश वितरणको निर्णय गर्ने ।
- नियमित बचत, आवधिक बचत, ऋणको किसिम र सोमा वितरण गरिने व्याजको प्रतिशत अनुमोदन गर्ने ।
- केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्ने । संस्थाको आर्थिक तथा प्रशासनिक नियम अनुमोदन गर्ने ।

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :-**

- नयाँ सदस्यता प्रदान गर्ने ।
- बाह्य संस्थामार्फत ऋण लिने वा बाह्य संस्थालाई ऋण दिने सम्बन्धी नीति तर्जुमा गर्ने ।
- सदस्यहरूबाट प्राप्त बचत, आवधिक बचत र उनीहरूलाई दिइने ऋणमा व्याज दर निर्धारण गर्ने ।
- हर हिसाब सम्बन्धी विवरण प्रमाणित गर्ने ।
- उप-समितिको गठन र विघटन गर्ने ।
- संस्थाको प्रशासनिक कार्य गर्न कर्मचारी नियुक्ति गर्ने ।
- संस्थाको सञ्चालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरू गर्ने ।
- संस्थाको योजना र बार्षिक बजेट साधारण सभामा अनुमोदनको लागि पेश गर्ने ।
- निर्वाचन उपसमिति गठन गर्ने ।
- साधारण सभाले अख्तियार गरेको अन्य काम गर्ने ।

**लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

- लेखा तथा प्रशासकीय काम कारवाही सम्बन्धी सम्पूर्ण कागजातहरू प्रमाणित गर्ने
- समिति र सम्पूर्ण उपसमितिहरूले गर्नुपर्ने काम कारवाही संस्थाको विनियम, सिद्धान्त र नियम अनुसार कति छ यस सम्बन्धमा विस्तृत अनुसन्धान गर्ने
- संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरूलाई हानी पुग्ने वा कुनै कुराको अनुसन्धान कार्यमा सन्बन्धित पक्षमा उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक तरिकाहरू तुरुन्त अवलम्बन गर्नुपर्ने अवस्था देखिएमा विषेश साधारण सभा बोलाउन सक्नेछ तर यस अवस्थामा लेखा (सुपरीवेक्षण) समितिका सम्पूर्ण सदस्यहरू एक मत हुनु आवश्यक हुनेछ ।

**ऋण उप-समितिको काम कर्तव्य र अधिकार :**

क) समितिले निर्धारण गरेको नीतिमाथि साधारणसभाबाट पारित गरेको विनियमको अधिनमा रही सदस्यहरूबाट पेश हुन आएका ऋण निवेदनमाथि अध्ययन गरी मनासिव देखिएमा ऋण निकासाको लागि सिफारिश गर्ने/स्वीकृति गर्ने

ख) धेरै ऋण निवेदन परी संस्थामा नगद मौज्दात कम भएमा मागको प्रकृति, सानो रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि शीघ्र कारवाही गर्ने,

ग) ऋण चुक्ता भयो भएन यस सम्बन्धमा सूक्ष्म दृष्टि पुऱ्याउने,

घ) ऋणिले लिएको ऋण चुक्त गर्न ढिलो वा टार्ने गरेमा यस सम्बन्धमा निगरानी गर्ने र आवश्यक कारवाहीको लागि समिति समक्ष पेश गर्ने ।

**शिक्षा उप-समितिको काम कर्तव्य र अधिकार :**

क) संस्थाको सिद्धान्त र कार्य प्रक्रिया सम्बन्धमा सदस्यहरूलाई शिक्षा शिविरहरू संचालन गर्ने ।



ख) संस्थाका सदस्य हुँदा हुने फाइदाहरू बारे जानकारी गराउने ।

ग) संस्थामा नयाँ सदस्यहरू सामेल गराउन आवश्यक चेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।

**पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

**१. अध्यक्ष :**

- साधारण सभाको अधिवेशन तथा समितिको बैठकको अध्यक्षता गर्ने ।
- संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने ।
- पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाँड गर्ने, निर्देशन दिने, राजीनामा स्वीकृति गर्ने
- संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघसंस्था वा निकायमा संस्थाकोतर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।
- समितिको बैठक नबसेको अवस्थामा अपर्भ्mट कुनै कार्य गर्न आवश्यक देखिएमा उक्त कार्य नभएमा संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।
- साधारणसभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भै मत बराबर भएमा निर्णायक मत दिने ।
- संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रीय रहने ।
- संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य सम्पूर्ण कार्य गर्ने, गराउने ।

**२. उपाध्यक्ष :**

- अध्यक्षको काममा सहयोग पुऱ्याउने
- अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेको वा तोकेका कार्यहरू गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

## ३. सचिव :

- अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने ।
- साधारण सभा तथा समितिद्वारा पारित निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
- साधारणसभाको अधिवेशन र समितिको बैठकको कार्यसूचि तयार पार्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरू सदस्यहरूलाई पठाउने ।
- साधारणसभाबाट निर्णय गर्नैपर्ने कुनै विवादस्पद निर्णयहरू भए पुन: छलफल एवं निर्णयार्थ पेश गर्ने ।
- साधारण सभा र समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
- अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।
- संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रही प्रबन्ध, निरीक्षण, निर्देशन दिने ।
- कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने ।

## ४. कोषाध्यक्ष :

- संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मा लिने ।
- संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखापुस्तिका नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने ।
- साधारणसभा तथा समितिले मागेका बखत संस्थाको दैनिक कारोबारसंग सम्बन्धित विवरण उपलव्ध गर्ने, गराउने ।
- साधारणसभा तथा समिति समक्ष आर्थिक प्रतिवेदन एवं आगामी आर्थिक वर्षको बजेट पेश गर्ने ।
- संस्थाको कोषमा वृद्धि गर्नेतर्फ प्रयन्तशील हुने ।
- आर्थिक कारोबारको संचालन, रेखदेख, नियन्त्रण, निर्देशन गर्ने ।



- आन्तरिक एवं अन्तिम लेखा परीक्षण कार्यमा सहयोग गर्ने ।
- संस्थाको चल अचल सम्पत्तिको रेखदेख, संरक्षण, सम्बर्द्धन र नियन्त्रण गर्ने ।
- ॠण उपसमिति, शिक्षा उपसमितिलाई कार्यक्रम सम्बन्धी ठोस सुझाव र समन्वय राख्ने ।
- संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने गराउने ।

## ५. सदस्यहरू

- हरेक बैठकमा उपस्थित भई छलफल प्रक्रियामा सक्रीय सहभागी हुने ।
- निर्णय भएका कार्यहरू सम्पन्न गर्न जिम्मेवारीको बाँडफाँड गरी आवश्यक काम गर्ने ।
- समूहको हिसाब समय समयमा हेर्ने तथा बुझ्ने ।
- समूह सञ्चालनका नीतिनियमहरू बनाइ त्यसको कार्यान्वयन गर्ने ।

## २७. समूहमा आधारित सहकारीमा आबद्ध समूहका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार :

**अध्यक्षको काम कर्तव्य र अधिकार**

- समूहको बैठक वोलाउन सचिवलाई सल्लाह दिनु ।
- कोरम पुगेपछि बैठकको संचालन र अध्यक्षता ग्रहण गर्नु ।
- अनुशासना कायम राख्नु/पालना गर्नु
- प्रस्ताव भएमा बैठकमा पेश गर्नु ।
- प्रत्येक सदस्यलाई बोल्ने मौका दिनु ।
- अरुको राम्रो कुरालाई स्वीकार गर्नु
- संयुक्त रुपमा बैंक खाता सञ्चालन गर्नु ।
- छलफललाई विषयको परिधिभित्र राख्नु ।

- निर्णय अभिलेख राख्नु । राख्न लगाउनु
- विभिन्न वाह्य संघ संस्थासँग सम्पर्क समन्वय गर्नु ।
- निर्णायक मत दिनु
- चल-अचल सम्पतिको संरक्षण रेखदेख र परिचालन गर्नु ।
- कुनै सदस्यले राजीनामा दिएमा छलफलमा राखी स्वीकृत गर्नु पर्ने भएमा गर्ने ।
- समूहको सम्पूर्ण काम कारवाहीको जानकारी लिनु तथा आवश्यक सरसल्लाह दिनु
- निर्णय भएका विषयहरू कार्यान्वयन गर्नु/गराउनु
- बचत उठाउन ऋण लगानीका क्षेत्र खोज्न ऋण सदुपयोग गर्नु र ऋण असुली गर्न सहयोग गर्नु ।
- लेखा जाँच गर्न सहयोग गर्नु
- महत्त्वपूर्ण कागज पत्रहरू प्रमाणित गर्नु सही /गर्नु ।
- गोपनीयता कायम राख्नु ।

**सचिवको काम कर्तव्य र जिम्मेवारी :**

- समयमा बैठक वोलाउनु
- बैठकको उपस्थिति तथा निर्णय अभिलेख राख्नु ।
- एजेण्डा तयार गर्नु
- समयमा बैठकमा भाग लिनु - छलफलमा भाग लिनु
- अरुको कुरा सुन्नु जायज कुरा स्वीकार गर्नु ।
- प्रगति प्रतिवेदन बैठक तथा सभामा पेश गर्नु । वार्षिक कार्ययोजना पेश गर्नु
- निर्णय कार्यान्वयन गर्नु ।
- प्रगति प्रतिवेदन बैठक तथा सभामा पेश गर्नु , वार्षिक कार्ययोजना पेश गर्नु
- निर्णय कार्यान्वयन गर्नु



- निर्णय का विषयहरू बैठकको अन्तमा पढेर सुचाउनु
- विभिन्न संघ-संस्था संग सम्पर्क समन्वय गर्नु ।
- कागज पत्रहरू तयार गर्नु - संस्थाका सबै कागज पत्रहरू सुरक्षीत राख्नु ।
- बचत संकलन ऋण लगानी ,असुली लगानीका क्षेत्र खोज्न सहयोग गर्नु ।
- संस्थाको गोपनीयता कायम राख्नु
- अन्य प्रशासनिक कार्यहरू गर्ने ।

**कोषाध्यक्षको काम कर्तव्य र जिम्मेवारी**

- समयमा बैठकमा भाग लिनु ।
- अनुशासनमा रहनु
- बचत उठाउन सहयोग गर्नु, बचत जिम्मा लिनु ।
- हिसाब पारदर्शी रूपमा राख्नु राख्न लगाउनु
- संयुक्त रुपमा बैक खाता सञ्चालन गर्नु
- निर्णयअनुसार उत्पादनशील कार्यमा लगानी गर्नु ।
- ऋणको सदुपयोग गर्न लगाउनु ।
- आर्थिक कारोवारका कागजपत्रहरू बिल भरपाई , खाताहरू सुरक्षित राख्नु, राख्न लगाउनु ।
- कारोवार प्रक्रिया नीति नियम अनुसार भएको छ छैन हेर्न लगाउनु ।
- समय समयमा समूह/बैंकको हिसाब विवरण लिनु लिन लगाउनु
- समय समयमा आय/व्यय विवरण पेश गर्नु/गर्न लगाउनु
- वार्षिक रुपमा लेखा परीक्षण गर्नु/गराउनु
- संस्थाको गोपनीयता कायम राख्नु ।

**कार्यसमिति सदस्यहरूको काम, कर्तव्य/जिम्मेवारी :**

- हरेक बैठकमा अनिवार्य उपस्थिति हुने

- प्रस्तावहरू ल्याउने
- प्रस्ताव उपरको छलफलमा सक्रिय सहभागी हुने
- प्रस्ताव आफ्नो निर्णायक मत दिने
- अन्य अध्यक्षले तोकेको कार्यहरू गर्ने
- समूहका अन्य सदस्यहरूसम्म सूचना लैजाने र ल्याउने

## २८. निष्कर्ष :

समूहमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरू नेपालमा कमै मात्र छन् । यसको कारण राज्यको सम्बन्धित निकायसँग यस्ता अति विपन्न र ग्रामीण समुदायका धेरै भन्दा धेरै परिवारलाई लघुवित्त कारोबारमा समेट्ने बारे कुनै दीर्घकालीन वा दूरदर्शी सोच नहुनुले हो । हाल केही गैरसरकारी संस्था र सहकारी क्षेत्रमा लामो अनुभव भएका विज्ञहरूद्वारा सानातिनो पहलले यस्तो समूहमा आधारित सहकारी नै विपन्न, महिला र ग्रामीण पिछडिएका जनजातिहरूको आर्थिक र सामाजिक दुबै ढंगले सशक्तीकरणगर्न उपयुक्त तरिका/विधिको रुपमा उत्तम विकल्प हो भन्ने सफल उदाहरण दिन सफल भएका छन् । यसलाई अझै निम्न बुँदाहरूले पुष्टि गर्न सकिन्छ ।

- कार्यक्षेत्रमा धेरै भन्दा धेरै सदस्य समेट्न सजिलो हुन्छ ।
- विपन्न, दलित, महिला, पिछडिएका, जनजाति तथा आदिवासीहरू जोसुकैले सहज प्रवेश गर्न सक्छन् । प्रवेशका लागि सामुहिक प्रयास हुन्छ ।
- ऋणमा तिनै विपन्न, दलित, पिछडिएकाहरूको सहज पहुँच बढ्छ ।
- बचत पनि क्षमता अनुसार सर्वसुलभ रुपमा संकलन गर्न सक्दछन् । यद्यपी अन्य सहकारीमा पनि यो सुविधा भएपनि उनीहरू समय, क्षमता र हीनतावोधले गर्दा आफैं सबै प्रक्रिया पूरा गर्न हिचकिचाउँछन् । तर समूहले गर्दा उनीहरूको आत्मवल बढ्ने भएकोले यस्ता समूहमा आधारित सहकारीमा नै आकर्षित हुन्छन् ।



- आफ्ना कुरा समूहमार्फत् धेरैले राख्न पाउने, समूहले प्रतिनिधित्व गर्दा नै हुने भएकोले समय धेरै बचत हुने ठान्दछन् ।
- सामुहिक सवालहरूमा सबैको एउटै मत हुने भएकोले सामाजिक उत्पीडनहरू पनि हट्दै जाने सम्भावना बढी हुन्छ ।
- आर्थिक रुपले सुरक्षाको अनुभव मात्र होइन । सामाजिक दृष्टिकोणले पनि आफू सुरक्षित भएको महसुस समूहमा आधारित सहकारीले गराएको छ ।